यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

राष्ट्रिय दैनिक
# गोल्डेन न्यूज
Golden News National Daily

वर्ष ९ अंक ५६ श्रेणी 'क' २०७३ मंसिर ९ गते बिहीबार 24 Nov. 2016 पृष्ठ ४ मूल्य रू. ५/-

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

## सेती बाढीको सूचना दिएर सयौंको ज्यान जोगाउने म्याक्सिमोभ रहेनन्

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ८ मंसिर ।**

क्याप्टेन अलेक्जेन्डर म्याक्सिमोभ अल्ट्रालाइट उडान भर्दै माछापुच्छ्रे हिमालनजिकै पुगेका थिए। पर्यटकलाई हिमाली क्षेत्रको दृश्यावलोकन गराउँदै अन्नपूर्ण क्षेत्रमाथि उड्ने क्रममा अचानक उनको आँखा कालो मुस्लोमा गयो।

एकछिन अघिसम्म सफा र सेतो बादलले ढाकिएको हिमालछेउ कालो मुस्लो मडारिएको देखेपछि उनी सतर्क भए। अस्वाभाविक किसिमले देखिएको त्यो मुस्लो हिमपहिरोका कारण उठेको ठहर गर्दै उनले तुरुन्तै पोखरा विमानस्थलको टावरमा सम्पर्क गरे। भने,-'हिमपहिरोले सेतीमा ठूलो बाढी आउँदैछ।'

यो २०६९ वैशाख २३ गते बिहानको घटना हो। 'चारैतिर हेर्दै उडिरहेको थिएँ,' म्याक्सिमोभले भनेका थिए, 'एकाएक माछापुच्छ्रे क्षेत्रमा पहिरो देखें, तुरुन्तै त्यहाँबाट बायाँ घुमेर सुरक्षित स्थानमा आइपुगेपछि विमानस्थल टावरलाई खबर गरेँ।' त्यस दिन म्याक्सिमोभबाट प्राप्त अग्रिम सूचना विमानस्थलको रेडियो टावर हुँदै प्रहरी, जिल्ला प्रशासन र स्थानीय एफएम रेडियो स्टेसनसम्म पुग्यो।

हिमपहिरोका कारण सेती नदीमा बाढी आएको खबर आगोसरि जिल्ला र देशैभरि फैलियो। खबर सुन्नेबित्तिकै सेतीको तल्लो तटमा बसेका र बालुवा चाल्ने काम गरिरहेकाहरू अग्ला स्थानतर्फ गए। सरकारले पनि आपतमा परेकाहरूको उद्धार निम्ति सशस्त्र, प्रहरी लगायतको आकस्मिक टोली तुरुन्तै घटनास्थलमा खटायो।

त्यस दिन अन्नपूर्ण चौथोको दक्षिणी भागबाट पहाडको सिंगो खण्ड नै खसेको थियो। हिउँ र चट्टानसहितको पहिरोले सेती नदीमा ठूलो बाढी ल्याएको थियो।



त्यही बाढीको अग्रिम सूचना दिएर सयौंको ज्यान जोगाएका ६५ वर्षीय म्याक्सिमोभको अल्ट्रालाइट उडानकै क्रममा दुर्घटना भई बुधबार निधन भएको छ। उनले दिएको सूचनाकै आधारमा सेती नदीको तटीय क्षेत्रमा बसोबास र काम गर्ने लगभग हजार जनालाई त्यस दिन सुरक्षित ठाउँमा स्थानान्तरण गरिएको थियो। बिनासूचना बाढी आएको भए उनीहरूको ज्यान जोगाउन मुश्किल पर्ने स्थानीय बताउँछन्।

यति हुँदाहुँदै सेती नदीको माथिलो भागमा पर्ने खारापानी क्षेत्रमा ५० जनाभन्दा बढीको ज्यान गएको थियो। आकाशमा उड्दा-उड्दै कालो मुस्लो देखेर म्याक्सिमोभले जसरी सुझबुझपूर्ण निर्णय लिए, त्यसले सयौंको ज्यान जोगियो,' सेती बाढीको कारण पत्ता लगाउने अनुसन्धानकर्ता श्रीकमल द्विवेदीले भने-'त्यतिबेला म्याक्सिमोभले खिचेको भिडियोले पनि हामीलाई सेती बाढीको कारण निर्क्यौल गर्न सघाएको थियो।'

म्याक्सिमोभ बुधबार कास्कीको चापाकोट गाविस, बाम्दीस्थित एभिया क्लबको आफ्नै मैदानबाट उडानमा निस्केका थिए। ह्यान्ड ग्लाइडिङलाई तानेर उडाउने क्रममा डोरी चुँडिएर विमानले सन्तुलन गुमाएपछि खेतमा बजारिएको थियो। म्याक्सिमोभको घटनास्थलमै निधन भयो। घाइते भएका क्यानेडियन पर्यटकको पोखरास्थित गण्डकी मेडिकल कलेजमा उपचार भइरहेको छ।

रसियन पाइलट म्याक्सिमोभ यस्ता व्यक्ति थिए, जो नेपालमा जन्मे-हुर्केका नभए पनि नेपाल र नेपालीलाई औधी माया गर्थे। १४ वर्षदेखि पोखरामा बसेर अल्ट्रालाइट उडाउँदै आएका उनी अनुभवी पाइलटमध्ये गनिन्थे।

आखिरमा उनको निधन पनि आफैंले चलाएको अल्ट्रलाइट जहाज दुर्घटनामै भयो। पोखराको पर्यटन प्रवर्द्धनमा पनि म्याक्सिमोभको ठूलो योगदान रहेको स्थानीय व्यवसायी बताउँछन्। पोखरामै बसेर अल्ट्रालाइट उडाउनुका अतिरिक्त पाइलट उत्पादनमा पनि उनको योगदान थियो। उनले सिकाएका केही पाइलटले पोखरामा अल्ट्रालाइट उडाउँदै आएका छन्। सरकारले पाइटलको उमेरहद ६० वर्षबाट बढाएपछि उनी फेरि काममा फर्किएका थिए। अहिले अल्ट्रालाइट उडाउन सरकारले ६७ वर्षको उमेरहद तोकेको छ।

'उनी निकै राम्रा पाइलट थिए,' फिस्टेल अल्ट्रालाइटका पाइलट अंकित बोहोराले भने, 'लामो समयदेखिको अनुभव भएका म्याक्सिमोभबाट हामीले धेरै सिकेका थियौं।' म्याक्सिमोभले नेपालमा 'एसेम्बल' गरिएको पहिलो जहाज 'डाँफे' को सफल उडान गरेका थिए।

पोखराका युवा वैज्ञानिक विकास पराजुली नेतृत्वको टोलीले निर्माण गरेको डाँफे जहाजलाई उनैले पोखराको आकाशमा उडाएका हुन्। उनले पोखरा विमानस्थलमा १५ फिट माथिसम्म उडाएर नेपाली जहाजको परीक्षण उडान सफल बनाएका थिए।

## अल्ट्रालाइट जहाज दुर्घटनामा पाइलटको मृत्यु

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ८ मंसिर ।**

कास्कीको चापाकोटमा बुधवार भएको अल्ट्रालाइट जहाज दुर्घटनामा एक जना विदेशी पाइलटको ज्यान गएको छ । एक जना घाइते भएका छन् । एभिया क्लवले पोखरामा सञ्चालन गर्दै आएको अल्ट्रालाइट जहाज मार्फत ह्याङग्लाइडर उठाउने क्रममा रसियन ६२ बर्षीय पाइलट अलेक्जेन्डर म्याक्सिमोभको ज्यान गएको हो । अल्ट्रालाइट बुधवार विहान करिब साढे ९ बजे कास्कीको चापाकोट ६ स्थित रन वे बाट उड्ने क्रममा हवाइ मैदानमै दुर्घटनामा परेको हो ।

दुर्घटनामा क्यानेडियन महिला २७ बर्षिय जिलेनी मेरी भोल्कर घाइते भएकी छिन् । उनको गण्डकी मेडिकल कलेजमा उपचार भैरहेको छ । ९ एन-एएलएल कलसाइनको जहाज भुई छाडेर केही माथि पुग्नासाथ सन्तुलन विग्रिएपछि धावनमार्ग नजिकै खसेको हो । ह्याङग्लाइडर उडाउने क्रममा अल्ट्रालाइट जहाजले पुछारमा अड्याइएको मसिनो डोरी चुडिएपछि अनियन्त्रित भएर दुर्घटनामा परेको अनुमान छ । भोल्कर ह्याङग्लाइडरमा थिइन् भने अलेक्जेन्डरले सो ह्याङग्लाइडरलाई उडाउने अल्ट्रालाइट चलाएका थिए ।

अल्ट्रालाइट जहाजले डोरी मार्फत तानेर निकै उचाइमा पुगेपछि हयाङग्लाइडिङ छाडिदिन्छ। त्यसपछि ह्याङग्लाइडिङ स्वतन्त्र रुपमा उड्न सक्छ । पर्यटक सवार ह्याङग्लाइडिङलाइ तानेर उडाउने क्रममा म्याक्सिमोभले उडाएको जहाजले सन्तुलन गुमाएको थियो ।

म्याक्सिमोभ विगत १४ वर्षदेखि पोखराको आकाशमा अल्ट्रालाइट जहाज उडाउँदै आएका पाइलट हुन् । उनी एभियाका वरिष्ठ पाइलट एवं प्रशिक्षक हुन् । उनको शव मणिपाल शिक्षण अस्पतालमा राखिएको छ ।



एभियाले ह्याङग्लाइडिङ उडानका लागि बेग्लै जहाज ल्याएको थियो । यसलाई पर्यटक उडानको साटो हयाङग्लाइडिङ उडाउनमा प्रयोग गर्दै आएको थियो । कम गतिमा उड्ने भएकोले एभियाले ह्याङग्लाइडिङ उडाउँदा ड्रागन जहाज प्रयोग गर्दै आएको थियो । कास्कीको चापाकोट ६ स्थित बाम्दीमा बुधवार विहान अल्ट्रालाइट जहाज दुर्घटना हुँदा चापाकोट ३ का ऋषि वहादुर राना नजिकै थिए । विहान करिब साढे ९ बजे सदा झै ह्याङग्लाइडरलाई लिएर अल्ट्रालाइट जहाज उडेको मात्रै के थियो यसअघिको भन्दा अनौठो दृष्य देखे । 'उड्दा उड्दै प्याराको रस्सी टुटेर दुबै अनकन्ट्रोल (अनियन्त्रित) भयो' उनले भने 'ह्याङग्लाइडर तत्काल खस्यो । अल्ट्रालाइट घुमेर आएर खस्यो ।' उनका अनुसार अल्ट्रालाइट जहाज जमिनबाट झण्डै ३० मिटर मात्रै माथि उडेको थियो । ह्याङग्लाइडरलाई तान्ने डोरी चुँडियो र अल्ट्रालाइट बत्तिएर अनियन्त्रित हुँदै घुमेर जमिनमा बजारियो । ह्याङग्लाइडर पनि तत्काल जमिनमा खस्यो । ह्याङग्लाइडरमा सवार युवती क्यानेडियन महिला २७ बर्षीय जिलेनी मेरी भोल्कर घाइते भइन् । तर सोहि ह्याङग्लाइडरलाई उडाउन लागेका अल्ट्रालाइट पाइलट रसियन नागरिक ६२ बर्षीय अलेक्जेन्डर म्याक्सिमोभको ज्यान गयो ।

दुबै जहाज जमिनमा खसेपछि दौडदै घटनास्थल पुगेपनि तत्काल गाडी नपाएको र पछि गाडी पुग्ने बेलासम्म पाइलटको ज्यान गएको रानाले बताए । 'महिला घाइते मात्रै थिइन् तर पाइलटको टाउको फुटिसकेको थियो' उनले भने-'यस्तो घटना पहिले भएको थिएन, अहिले कसरी भयो थाहा भएन ।'

एभिया क्लवका अनुसार म्याक्सिमोभ विगत १४ वर्षदेखि पोखराको आकाशमा अल्ट्रालाइट जहाज उडाउँदै आएका पाइलट थिए। उनी एभियाका वरिष्ठ पाइलट एबं प्रशिक्षक पाइलट पनि हुन् ।

अल्ट्रालाइट जहाजले पुछारमा अड्याइएको मसिनो डोरीले तानेर निकै उचाइमा पुगेपछि हयाङग्लाइडिङ छाडिदिन्छ । त्यसपछि ह्याङग्लाइडिङ स्वतन्त्र रुपमा उड्न सक्छ । पर्यटक सवार ह्याङग्लाइडिङलाइ तानेर उडाउने क्रममा म्याक्सिमोभले उडाएको जहाजले सन्तुलन गुमाएको थियो ।

अल्ट्रालाइटले तानेको हयाङग्लाइडिङको डोरी चुडिएपछि जहाजले सन्तुलन गुमाएर दुर्घटनामा परेको अनुमान छ । एभियाले ह्याङग्लाइडिङ उडानका लागि बेग्लै जहाज ल्याएको थियो । यसलाई पर्यटक उडानको साटो हयाङग्लाइडिङ उडाउनमा प्रयोग गर्दै आएको थियो । कम गतिमा उड्ने भएकोले एभियाले ह्याङग्लाइडिङ उडाउँदा ड्रागन जहाज प्रयोग गर्दै आएको छ ।

## वार्ता र संवादबाट समाधान खोज्न आग्रह

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ८ मंसिर ।**

पोखरा लामाचौर स्थित पश्चिमाञ्चल इन्जिनियरिङ्ग अध्ययन संस्थानमा आईतवारदेखि विद्यार्थीले लगाएको तालावन्दी बुधबारसम्म जारी छ । विद्यार्थीहरुले संस्थानमा विभिन्न १० वुँदे माग गर्दै अनिश्चितकालिन तालावन्दी गरेका थिए । नेपाल विद्यार्थी संघ र अखिल क्रान्तिकारीको सयुक्त आयोजनामा तालावन्दी गरिएको हो ।

नेविसंघ संस्थानका नेता आदर्श लामिछानेका अनुसार विभिन्न समयमा शैक्षिक हक अधिकार र क्याम्पस सुदृढिकरणका विषयमा माग गर्दै आएपनि क्याम्पस प्रशासन मौन वसेकोले बाध्य भएर विद्यार्थीहरुले तालावन्दी गरेका हुन् । यस्तै अखिल क्रान्तिकारीका संस्थानका अध्यक्ष शंकर गौतमले तालावन्दीले आफूहरुको मागका विषयमा सुनुवाई नभए चरणवद्ध आन्दोलन गर्ने चेतावनी दिए।

यसैबीच नेपाल विद्यार्थी संघका केन्द्रीय सदस्य भानुभक्त ढकालले पश्चिमाञ्चल इन्जिनियरिङ्ग अध्ययन संस्थानमा देखिएको समस्या तत्काल समाधानतर्फ लाग्न सबै पक्षसंग आग्रह गरेका हुन् । बुधबार एक प्रेस विज्ञप्ति जारी गर्दै नेता ढकालले वार्ता र संवादको माध्यमबाट समस्या समाधान गरि पढाइ सुचारु गर्न आग्रह गरेका छन् । उनले विद्यार्थी नेताहरुलाई जिम्मेवारीका साथ अघि बढ्न र क्याम्पस प्रशासनले विद्यार्थीका जायज माग पूरा गर्न तत्पर भएर क्याम्पसमा सौहार्दपूर्ण वातावरण तयार गर्नेतर्फ लाग्नुपर्नेमा जोड दिए ।

विद्यार्थीले आन्दोलन शुरु गरेको ५ दिन वितिसक्दा समेत क्याम्पस प्रशासन मौन बसेको भन्दै नेता ढकालले विद्यार्थीका जायज माग पूरा गर्नतर्फ अग्रसर हुन क्याम्पस प्रशासनसंग आग्रह गरे ।

## गरिमाको दशौं वार्षिकोत्सव

**पोखरा ८ मंसिर ।**

पोखराको महेन्द्रपुलमा केन्द्रीय कार्यालय रहेको गरिमा विकास बैंक लिमिटेड मंगलबार देखी दशौं वर्षमा प्रवेश गरेको छ । बैंकले आफ्नो दशौं वार्षिक उत्सवको अवसरमा रक्तदान कार्यक्रमको आयोजना गरेको छ । बैकको सामाजिक उत्तरदायित्व अन्तरगत केन्द्रीय कार्यालय हातामा सम्पन्न रक्तदान कार्यक्रममा ६३ युनिट रगत संकलन भएको बैकका प्रमुख कार्यकारी अधिकृत गोविन्द प्रसाद ढकालले बताए । बैंकका अध्यक्ष दिलिप प्रताप खाँण, संचालकहरु, कर्मचारी, शेयरधनी, ग्राहक र सर्वसाधारणको सहभागितामा संकलन गरिएको ६३ युनिट रगत, रक्त संचार केन्द पोखरालाई हस्तान्तरण गरिएको जनाइएको छ । साविकको गरिमा विकास बैंकमा साविक निलगिरि विकास बैंक र शुभेच्छा विकास बैंक गाभिई बनेको यस गरिमा बिकास बैंकको १२ अर्ब निक्षेप तथा कर्जा लगानी ११ अर्व २५ करोड रहेको छ । बैंकले केन्द्रीय कार्यालय सहित ३८ शाखा कार्यालय मार्फत ग्राहकलाई आधुनिक वित्तीय सेवा प्रदान गर्दै आएको बैकका प्रमुख कार्यकारी अधिकृत गोविन्दप्रसाद ढकालले बताए ।

**कर्मचारी चाहियो**

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी चाहियो ।

पद : वेटर संख्या : २ जना
पद : किचन हेल्पर संख्या : १ जना
पद : डिसवासर संख्या : १ जना

सम्पर्क : **चिनारी थकाली भान्छाघर**
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-५२६३०९

**ADMISSION OPEN**
**M.Sc.in**
Construction Management
(2 years Program)
Eligibility: B.E in any branch, architecture & surveying from recognized university with at least 2nd division or CGPA 2.0
Entrance Examination : Mangshir 11, 2073 (Dec. 26, 2016)
Pokhara Engineering College (PEC)
(Affiliated to Pokhara University)
Phirke, Pokhara-8, Tel: 061-531209/528530
E-mail: info@pec.edu.np/www.pec.edu.np
Forms can be downloaded from the website too.

**Free NEW ZEALAND Seminar**
Study In SOUTHERN INSTITUTE OF TECHNOLOGY
Date: 24th Nov, 2016 (Thursday)
Time: 10:00 AM onwards
Venue: BEACON, Office Premise
Meet Mr. Khanin Saikia
Int'l Marketing Officer
Special Offers:
- High demanded programs like PGD Business Enterprise, Hospitality & Tourism, IT, Management
- Spot assessment and eligibility check based on your documents
- Specialized services based on students' background
- Meet us to know about the success stories of our stuents
- Get the guidance of long experienced Counselors & Ex-Visa Officers

Your visa application is checked and handled by Ex-Visa Officers Pankaj Mahotra & Rajni Garg, Immigration Advisor Liscense no. -20110022
BEACON Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812
Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np
Approved by: Certified by:
Find us : www.facebook.com/beaconpage

**कर्मचारी चाहियो**

कुक - २ जना
रिसेप्सनिष्ट -२ जना
वेटर - २ जना
मार्केटिङ सेल्स -केही
किचन हेल्पर -२ जना
सुरक्षा गार्ड -२ जना

अनुभावीलाई विशेष प्राथमिकता दिइनेछ ।

टीका रिसोर्ट, लेकसाइड, पोखरा
फोन : ०६१-४६२०३३, ४६०२३३

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ।
- *लर्ड नेपियर*

## सम्पादकीय ...

# अटेरी कर्मचारी

प्रधानमन्त्री पुष्पकमल दाहाललाई कर्मचारीले नटेरेपछि झोँक चलेछ। कर्मचारीतन्त्रकै कारण सरकार प्रभावकारी हुन नसकेको ठहर गरेर उनले कर्मचारीहरूसँग 'अपेक्षित नतिजा' माग गरेका छन्। सचिवहरूका कारण सरकारका महत्वपूर्ण कामकारबाहीमा ढिलासुस्ती भएको ठानेर उनले निर्देशनअनुसार काम गर्न आदेश पनि दिएछन्। समाचारअनुसार त प्रधानमन्त्री दाहालले सबैजसो सचिवहरू 'पदीय दायित्व र जिम्मेवारी' बाट चुकेको आरोप पनि लगाएका छन्। उनलाई हतार हुनसक्छ केही गरेर देखाउने। यसैले प्रधानमन्त्री बढी नै आक्रोशित हुनु स्वाभाविक पनि हो। त्यही कारणले सचिवहरूसँगको छलफलपछि प्रधानमन्त्री दाहालले निर्देशनहरू कार्यान्वयन गर्ने अर्को कडा निर्देशन दिएका छन्। उनको ताजा निर्देशनलाई सरकारका सचिवहरूले पटक्कै वास्ता गरेनन् भने पनि आश्चर्य भने मान्नु पर्दैन। यस्ता दुई चार निर्देशन दिएपछि प्रधानमन्त्री दाहाल स्वयं नै थाक्नेछन् वा पदबाट हट्नेछन् भन्ने मूलत: रकमी निजामती सेवामा कम्तीमा दुई दशक बिताएका सचिवहरूलाई पक्कै पनि थाहा छ। यसैले अगाडि साखुल्ले बने पनि तिनले राजनीतिक नेतृत्वलाई टेर्दैनन्। टेरुन् पनि किन ? स्थायी सरकार भनिने कर्मचारीतन्त्रले सहयोग नगरे सरकार गतिवान् हुनै सक्तैन। यसैले राजनीतिक नेतृत्वले कर्मचारीलाई कजाउन सक्नुपर्छ। अर्कातिर, सामन्ती संस्कारमा दीक्षित नेपालको कर्मचारीतन्त्र आश र त्रासबाट मात्र सञ्चालित हुनेगरेको छ। कर्मचारीतन्त्रलाई कजाउने अर्को उपाय नैतिक शक्ति पनि हो। राजनीतिक नेतृत्वको नियत नराम्रो छैन भन्ने विश्वास भएमा कर्मचारीतन्त्रले सहयोग गर्ने गरेका उदाहरण पनि छन्। तर, पछिल्ला दिनमा नैतिक शक्ति भएको राजनीतिक नेतृत्व देखापरेको छैन। बाहिर ठूला कुरा गर्ने र सचिवलाई नितान्त व्यक्तिगत वा दलगत स्वार्थका काम लगाउने गरेपछि तिनले कि मिलेर खाने मेलो गर्छन् नभए आलटाल गरेर सकेसम्म उम्कन खोज्छन्। यस्तै कर्मचारी संगठनका नाममा पार्टीपिच्छेको संगठन निर्माण गरेपछि सचिव पनि त कुनै न कुनै दलका नेता विशेषको नजिक भइसकेका हुन्छन्। तिनलाई प्रधानमन्त्रीले बर्खास्त गर्न त के सरुवा पनि भनेको बेलामा गर्न सक्तैनन्। प्रधानमन्त्री वा मन्त्रीले जनताका आँखामा छारो हाल्नैका लागि कतिपय अवस्थामा हावादारी निर्देशन दिने गरेका हुन्छन्। मन्त्रालयहरूमा सचिवलाई विश्वास गरेर काम लिनुको साटो आफ्नो दल वा व्यक्तिगतरूपमा आफूसँग निकट कर्मचारीको 'कोटरी' बनाएर निर्णय गराउने वा सचिवलाई साक्षीमात्र राख्ने पनि प्रधानमन्त्री वा मन्त्रीहरूले गरेका उदाहरण बग्रेल्ती छन्। यो सबै देखे भोगेपछि प्रधानमन्त्रीलाई किन टेर्थे त सचिवले ? संसदीय प्रणालीमा प्रधानमन्त्री कार्यकारी प्रमुख भए पनि विधि र प्रक्रिया मिच्ने कानुनी वा नैतिक अधिकार हुँदैन। लोकतन्त्रमा शासन विधिका आधारमा सञ्चालित हुन्छ। तर, प्रधानमन्त्री दाहालको निर्देशनको शैली र भाषा हेर्ने हो भने पञ्चायत कालका 'संविधानभन्दा माथि' रहने राजाले क्षेत्रीय भ्रमणका क्रममा दिएका निर्देशनजस्ता देखिन्छन्। यसमा दाहालमात्र अपवाद हैनन्। उनका पूर्ववर्तीहरूको शैली पनि खासै फरक थिएन। सचिवलाई अधिकार प्रत्यायोजित गर्ने र सँगै त्यही अधिकार प्रयोगमा हस्तक्षेप गर्ने प्रवृत्तिका कारण पनि राजनीतिक नेतृत्वले कर्मचारीबाट सहयोग नपाउने गरेको हो। प्रधानमन्त्री दाहालले सचिवसँग भन्दा पहिले मन्त्रिपरिषद्का आफ्ना सहयोगीहरूसँग सोधपुछ गरेका भए उपयुक्त हुन्थ्यो। सचिवलाई त सम्बन्धित मन्त्रीप्रति पो उत्तरदायी बनाउनुपर्थ्यो। आफूले पदीय दायित्व पूरा नगर्ने राजनीतिक नेतृत्वले अरूलाई औंला ठड्याउँदा उपहास र आक्रोशको पात्रमात्र बन्न पुगिन्छ। मन्त्री उत्तरदायी भए सचिव जिम्मेवार हुन करै लाग्छ। पक्कै पनि नेपालको कर्मचारीतन्त्रको संस्कार, शैली र दीक्षामा आमूल परिवर्तन आवश्यक छ। त्यसका लागि राजनीतिक नेतृत्वले नै अगुवाइ गर्नुपर्छ। तर, पहिले राजनीतिक नेतृत्वको आचरण, सोच र नियत राम्रो हुनुपर्छ। यसैले प्रधानमन्त्री दाहालले निर्देशनबाट शासन गर्ने सामन्ती शैली त्यागेर सहकार्यको लोकतान्त्रिक विधि अपनाउनुपर्छ। आवश्यकताको पहिचान सूचनाका आधारमा गरे पो कर्मचारी संयन्त्रलाई पनि काम गर्न कर लाग्थ्यो त। राजाले बक्सिस दिएझैँ राज्यको ढुकुटी लुटाउने, कार्यकर्ताका कुरा सुनेर योजना बाँड्ने, व्यक्ति विशेषलाई लाभ हुने बदनियत राखेर नीतिगत निर्णय गर्ने गराउने गर्न थालेपछि कर्मचारीले नटेर्नु अस्वाभाविक होइन। गणतन्त्रका प्रधानमन्त्रीले नै 'राजा हुने रहर' गरेपछि किन टेर्थे त कर्मचारीले ?

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल मंसिर ९ गते बिहीबार, तदनुसार नोबेम्बर २४ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३७, सौम्यनामक: संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार मार्गशीर्षकृष्णपक्ष चलिरहेको छ। सौरमान अनुसार आज मार्गशीर्षकृष्णपक्षको एकादशी तिथि अहोरात्र रहनेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा कन्या राशिमा अहोरात्र रहनेछ। आज दिनमान २६ घटि २८ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ३२ मिनेटमा रावण मुहूर्तमा हुनेछ भने सूर्यास्त साँझ ५ बजेर ०७ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष :** कृषि कार्यबाट लाभ पाइने, मेहनत गरेको धन हात लाग्ने, इष्टमित्रको सहयोगले अधुरा कार्य पूरा हुने।

**वृष :** आर्थिक लेनदेनमा विवाद हुनेछ, अनावश्यक कार्यमा दिन बित्नेछ, पठनपाठन क्षेत्र अस्तव्यस्थ हुने, दिन खराब छ।

**मिथुन :** आफ्नो रोजाइको कार्यमा अरुको विरोध, नेतृत्व कार्य असफल, टाढाको यात्रामा सावधानी अपनाउनु पर्नेछ।

**कर्कट :** नयाँ व्यवसाय गर्नतिर मनजान सक्नेछ, पारिवारिक समस्या सुल्झिनेछ, सामाजिक कार्यमा सम्मान मिल्नेछ।

**सिंह :** कृषि कार्यबाट लाभ पाइने, मेहनत गरेको धन हात लाग्ने, इष्टमित्रको सहयोगले अधुरा कार्य पूरा हुने।

**कन्या :** भूमि सम्बन्धी विवाद, महत्वपूर्ण कार्यक्रम स्थगित हुनेछ, सुनचाँदी कारोबारमा मन्दी आउन सक्नेछ।

**तुला :** मान्यजनबाट सहानुभूति मिल्ने, व्यापारिक कार्य सफल रहनेछ, साहित्य क्षेत्रबाट सफलता मिल्नेछ, दिन शुभ छ।

**वृश्चिक :** मित्रको सहयोगले ठूलो काम सम्पन्न, वैदेशिक रोजगारको अवसर मिल्ने, स्त्रीपक्षबाट सुख प्राप्त हुनेछन्।

**धनु :** शत्रुबाट मानसिक पीडा थपिनेछ, पारिवारिक झगडाले ठूलै रुप लिनेछ, आफन्तबाट विशेष कार्यमा धोका हुनेछ।

**मकर :** व्यापार व्यवसायबाट घाटा, स्वास्थ्यमा एक्कासी खराबी, अनावश्यक मानसिक चिन्तन र थकान बढ्नेछ।

**कुम्भ :** रोजगारीबाट आत्मसन्तुष्टि मिल्ने, नयाँ मित्रसंग भेटघाट, मानसम्मानको अवसर प्राप्त हुनेछ, समय शुभ छ।

**मीन :** सरकारी सहयोग मिल्ने, नयाँ साथीसँग सम्बन्ध गाँसिने, सामाजिक एवम् व्यक्तिगत काममा सक्रियता बढ्नेछ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# राज्यसत्ता रूपान्तरण नहुञ्जेल जनउत्तरदायी हुन सक्दैन

**उपेन्द्र झा**

नेपाली राज्यसत्ताले मधेशलाई औपनिवेशिक शोषण गरेको मान्दैन। मधेशलाई राज्यसत्ताले औपनिवेशिक शोषण गरेको मधेशको ठहर छ। यो शोषणबाट मुक्ति पाउन वर्गीय राज्यसत्ताको विरूद्ध मधेशले संघर्ष शुरू गरेको छ। संघर्षको उँचाईले वर्गीय राज्यसत्तालाई झुक्न बाध्य गऱ्यो र संघीय लोकतान्त्रिक गणतन्त्र सर्वमान्य बन्यो। बाध्यात्मक अवस्थामा स्वीकार गरेको मधेको माँग वर्गीयसत्ताको अस्तित्वसंग जोडेर परिभाषा गर्ने शासकवर्गले यसबाट कसरी मुक्ति पाउने भनेर सामूहिक रणनीति बनायो। समग्र मधेशको एक प्रदेश बनाउने अवधारणा विपरित शीर्ष दलहरू संविधान सभाको स्थापनाकालदेखि नै रणनीतिक योजनाहरू बनाउन थाल्यो। ८ वर्ष लगाएर भएपनि शीर्ष दलहरू मधेशलाई निस्तेज पार्न सफल भयो।

आखिरमा सबैलाई चित्त बुझाउन र एमाले संघीयताको विरोधमा नरहेको भनेर मधेशलाई ८ जिल्लाको लंगडो प्रदेश दिएर के.पी. ओलीको सरकारले संविधान जारी गऱ्यो। मधेशलाई यो संविधान मान्य भएन र मधेश संविधान घोषणाको विरोधमा आन्दोलन थाल्यो। नेपाललाई संघीय संरचनामा लैजाने विचार एमालेको कहिल्यै रहेन। अहिले पनि छैन। लंगडो प्रदेश दिएर मधेशलाई आन्दोलनमा लैजाने र संविधान कार्यान्वयन हुन नदिने दोष मधेशमाथि थुपारेर राजनीतिलाई अर्कै दिशातिर मोड्ने कुत्सित मनसाय लिएको एमाले त्यसपछि शिथिल जस्तै हुन लागेको आन्दोलनलाई चर्काउन मधेशीलाई तथानाम गाली गरेर उत्तेजित पार्न शुरू गऱ्यो। अभद्र वाक्यांश प्रयोग गरेर मधेशीलाई अपमानित गर्ने एमालेको आन्दोलन चर्काउने रणनीति नै थियो। मधेशीप्रति एमालेको व्यवहारले त्यो पार्टीलाई मधेश विरोधीको रूपमा स्थापित गऱ्यो।

ओली सरकारको व्यवहारले मधेश मात्र असन्तुष्ट थिएन, भारत, अमेरिका लगायतका देशहरू पनि यो सरकारको विरोधमा देखिएको थियो। चीनसंगको एकलौटी सम्बन्ध बनाउने ओली सरकारको अलोकतान्त्रिक क्रियाकलापबाट लोकतान्त्रिक शक्तिहरू सशंकित भए। अमेरिकाले संविधान घोषणालाई मानेर पनि विरोधमा देखियो। भारतले त मान्यता नै दिएन। समग्र रूपमा यो अलोकप्रिय सरकारको औचित्यमाथि प्रश्न खडा हुन थाल्यो र एमाले सरकारको शर्मनाक अन्त भयो। प्रचण्ड आफनो नेतृत्वमा सरकार बनाउने दावा पेश गर्दा देशको परिस्थितिले समर्थन गऱ्यो र प्रचण्ड सरकार बनाउन सफल भयो। मधेशको मुद्दा सम्बोधन गराउने प्रतिबद्धता जाहेर गरेपछि प्रचण्डले मधेशको समर्थन पायो। मधेशप्रति ओलीको व्यवहारले पनि मधेशीलाई विकल्पको समर्थन गर्न बाध्य बनाई रहेको थियो। प्रचण्डले आफनो पदभार ग्रहण गर्दा पहिलो कार्य मधेश मुद्दाको सम्बोधन गर्ने भन्ने जाहेर गरेको प्रतिबद्धता मिथ्या साबित भएको छ। कार्य व्यस्तताका अनेक कारणहरू देखाई मधेश मुद्दाबाट मुक्ति पाउन प्रचण्ड लागि परेका छन्। मधेशप्रति ओलीको प्रत्यक्ष पहिचान भई सकेपछि अब प्रचण्डको पालो आएको छ। तीनै दलको शासकीय प्रवृतिले अन्तर्विरोधलाई चर्काउने काम गरेको छ। परम्परागत रूपमा रहेको शासक र शासित सामाजिक संरचनालाई यथावत् मान्न तयार नरहेको मधेश सबैका लागि अपाच्य बनेको छ। मधेशलाई नीतिगत र व्यवहारत: स्वीकार गर्ने मानसिकतामा रूपान्तरण भई नसकेको अवस्थामा मधेशको संघर्ष चर्को रूपमा सतहमा आएको छ। मधेशको बढ्दो ताकत, मधेशमा रहेको समस्या र देशको थुनिएको विकासका योजनाहरूले मधेशको भूमिकालाई आमन्त्रण गरि रहेको अवस्था छ। मधेशको राज्यतिरको बढ्दो कदमलाई रोक्ने प्रयासमा रहेको शासकवर्गको षडयन्त्रले देशमा अनेक समस्यालाई जन्माई दिएको छ। ०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना पश्चात् सतहमा आएका समस्याहरूलाई नजर अन्दाज गर्दै साजिश कै भरमा शासनलाई लम्ब्याउँदै आएका राज्य संचालक शक्तिहरूले २७ वर्षसम्म देशलाई द्वन्द्व मुक्त गर्न सकेको छैन। तर शासनमा पालैपालो तीन दलले अवसर भने गुमाएको छैन। देशमा रहेको अस्थिरतामा नै आफनो भविष्य देख्ने शीर्ष तीन दलहरू समस्या समाधानलाई कहिल्यै आफनो एजेण्डा बनाएन। आन्दोलनरत दलहरूसंग गरिएका सम्झौताका बून्दाहरू एक दशकदेखि कार्यान्वयनको प्रतीक्षामा रहेको यसका ज्वलन्त उदाहरण हुन्।

मधेशले माँग गरेको संघीयता शासकवर्गका लागि ठूलो समस्या बन्यो। संविधान सभाको अवधिभर यसको नकारात्मक बहस छलफल चलाएर विरूद्धमा ठूलो जन समर्थन प्राप्त गऱ्यो। मधेशलाई स्वीकार नहुने किसिमको संघीय संरचना दिएर नयाँ खाले द्वन्द्वको सृजना गरि दिएको छ। विगतका दिनमा नीतिगत तथा व्यवहारमा मधेशसंग भेदभाव राख्ने शीर्ष दलहरू मधेशको माँगलाई सम्बोधन नगर्ने पक्षमा नै देखिएका छन्। मधेशको मुद्दा विषयको संशोधन प्रस्ताव दर्ता गर्ने आश्वासन पनि तुहिन थालिएको छ। संशोधन प्रस्ताव दर्ता भएपनि यो पास हुन नसक्ने अवस्था छ। मधेश आन्दोलनका लागि एउटा नजिर प्रमाणको रूपमा रह्ने संशोधन प्रस्ताव दर्ताका लागि मधेशका दलहरू दबाव दिई रहेको स्वाभाविकै हो। संशोधन प्रस्ताव दर्ताबाहेक यसले कुनै परिणाम दिन सक्दैन।

काँग्रेससंगै प्रचण्डले मधेशको मुद्दा सम्बोधन गर्ने भरोसा दिलाए पनि सो विषयमा एक पाइला अगाडि सार्न कठीन भई रहेको अवस्थामा अब प्रचण्डको नियतमाथि प्रश्न उठ्न थालेको छ। नेपाली राजनीतिमा यति स्तरहीन सोचले देशको हित गर्ला ? छल, कपट, जाल, फरेब, धोखा राजनीतिका आवश्यक गुण भई सकेको छ। जन अपेक्षा पूरा गर्ने ईमान्दारिता अब भने नेपाली राजनीतिमा कल्पना गर्न सकिंदैन। नेपाली जनताबाट आलोचित भई रहने शीर्ष दलका नेताहरू अझ पनि सचेत हुन सकि रहेको छैन। विकृतावस्थामा राजनीतिलाई पुऱ्याए पछि यसको स्वच्छता खोज्नु मूर्खको काम हो। राजनीतिको स्वच्छता वा विकृत रूप यसका संचालकका चरित्र अनुसार पाएको हुन्छ। उसले के चाहेको छ त्यस अनुसार राजनीतिको आकृति बन्छ।

शासकीय चाहनालाई शक्तिशाली बनाउन यहाँका लोकतन्त्र प्रयोग भएको छ। जनचाहनालाई यसले सम्बोधन गर्न सक्दैन। शासकीय पञ्जाबाट यो मुक्त हुन सक्दैन। राज्यसत्ताको रूपान्तरण नहुञ्जेल यो जन उत्तरदायी हुन सक्दैन। जनताले लोकतन्त्रलाई अनुभूत गर्न नसकेको यही कारण हो। विवादबीचका राजनीतिको कुनै भविष्य छैन। अहिले राम्रो देखिए पनि यसको अन्त विभत्स हुने कुरामा कुनै शंका छैन। विगतमा यस्ता थुप्रै घटनाहरू छन् जसले शासकहरूको शर्मनाक अन्त गरि दिएको छ। परिवर्तनलाई अवरूद्ध गर्नेहरू सबै विलीन भएको प्रशस्त उदाहरणहरू इतिहासमा मौजूद छन्।

नेपाली राजनीतिमा हराई सकेको मधेशको मुद्दालाई खोजेर पुनश्च सतहमा ल्याउन आवश्यक रहेको देखिन्छ। मधेशलाई ठेलेर, पेलेर अपमानजनक रूपमा जसरी पछाडि धकेल्ने काम गरियो त्यो भने भेदभावको चरम रूप हो। यस्तो अवस्थामा द्वन्द्वबाहेक मधेशबाट सद्भावको आश गर्न सकिन्न। अहिलेसम्मको व्यवहारले के देखायो भने मधेशले लिने संघीयता लडेरै लिनु पर्छ।

एक दशकमा जहाँ राज्य प्रलोभन र षडयन्त्रको भरमा मधेशलाई पन्छाउने काम गऱ्यो, उहीं मधेशका दलहरूले स्वार्थलिप्सामा लागेर आलोचित बन्नु पऱ्यो। असन्तुष्टताको धरातलमा फेरि पनि आन्दोलनको तयारी गर्नुको विकल्प छैन। मधेशका आन्दोलनहरू, सम्झौताहरूलाई रद्दीको टोकरीमा फ्याँकेर एकप्रकारले मधेशलाई चुनौती नै दिएको छ। बडो चालाकी र साजिशपूर्ण तरिकाले मधेशको आन्दोलनलाई निस्तेज पारि मधेशलाई किंकर्त्तव्यविमुढको अवस्थामा राखि दिएको छ।



मधेशका दलहरूमा व्यक्तिगत स्वार्थ, उच्च महत्वाकाँक्षा, त्याग र सहिष्णुताको अभाव, भावनात्मक सहकार्यको कमी, शत्रु र मित्रको पहिचानको कमी आदि कारणले आन्दोलन संगठित हुन नसक्ने, कमजोर हुने र परिणाममुखी हुन नसक्ने यथार्थ सोचनीय बनेको छ। आन्दोलनको विकल्प पनि छैन। राजनीति गर्ने मधेशका दलहरूको लागि संगठित आन्दोलनको तयारी आवश्यक छ। मधेशी जनतासंग आलोचित रहेका नेतागणहरूले कमी कमजोरीलाई हटाएर सशक्त आन्दोलनको तयारी गर्नै पर्ने बाध्यता आई परेको छ। विभिन्न बाधा, व्यवधान रहेपनि मधेश राज्यबाट पीडित रहेकोले पुनश्च संगठित भई आन्दोलनमा आउने उदाहरण दिई सकेको छ। भावनात्मक रूपमा आन्दोलनमा होमिने मधेशको व्यथा रहेकोले आन्दोलनको तयारी गर्न त्यति कठीन भने हुँदैन। सवाल यसको संचालन र सहज अवतरणको हो। विगतमा देखिएका संचालनका त्रुटिहरू हटाउन मधेशका पार्टीहरूको पारस्परिक भावनात्मक सम्बन्ध हुन जरूरी छ। आफूलाई छोडेर अरूसंग हातेमालो गर्नु मधेश आन्दोलनलाई कमजोर पार्नु हो। मोर्चा र संघीय गठबन्धनको एकजूटता आवश्यक रहेको कुरालाई सहनशीलताको धरातलबाट हेर्नु पर्दछ। मधेशी दलहरूमा एकरूपता आउन नदिने चरम महत्वाकाँक्षा हो। यसैले विगतको मधेश आन्दोलनलाई कमजोर पारि स्थगित समेत गरेको थियो। त्यस्ता गल्तीहरू नदोहोऱ्याउन परिमार्जित रणनीति बनाउनु पर्दछ।

(मधेश दर्पण फिचर सेवा)

# पक्का छ, लोकमान फर्कन्नन्

अख्तियार प्रमुख लोकमानसिंह कार्कीविरूद्ध संसदमा महाभियोग प्रस्ताव दर्ता भएको आज ३६ दिन पुग्यो। तर यो प्रस्ताव संसदको महाभियोग छानविन समितिमा अझै पठाइएको छैन। प्रस्तावमाथि संसदमा चलिरहेको छलफल कछुवाको गतिमा छ। कांग्रेसले अझै महाभियोगका पक्षमा उभिने संस्थागत निर्णय गर्न बाकि मात्र छैन, उल्टो कांग्रेसका केही सांसदले संसदमा लोकमानको बचाउ गरेका छन्, महाभियोगको विपक्षमा बोलेका छन्।



महाभियोगको पानी जिम्लिने आशमा लोकमान स्वयम् आफ्नो बचाउका लागि भित्रभित्रै दौडधुपमा छन्। संविधान संधनलाई लिएर राजनीतिक पार्टीहरूबीच पछिल्लो पटक किचलो र मनमुटाव बल्झिएपछि लोकमान फेरि अख्तियार फर्कन सक्ने लख काटने मानिसको संख्या बढ्न थालेको छ। अख्तियारका कर्मचारीसमेत उनको फिर्तीको त्रास बोकेर बसेका छन्। तर, महाभियोग प्रस्ताव दर्ता भएयताका ३६ दिनमा राजनीति यति फेरिएको छ, लोकमान अख्तियार फर्किने कुनै सम्भावना नै छैन। पक्का छ, अब लोकमान अख्तियार फर्कन्नन्। यसका मुलत: दुई कारण छन्।

१. नेपाली कांग्रेसले महाभियोग पक्षमा भोट हाल्ने छ।

२. कदाचित कांग्रेसले भोट हालेन भने,-एमालेसँग लोकमान लाई रोक्ने 'प्लान बी' तयार छ।

पहिले, नेपाली कांग्रेसलाई नै हेरौं। लोकमानलाई हटाउनेबारे महाभियोग प्रस्ताव दर्ता भएको दिन कांग्रेस जति विभाजित थियो, अहिले यो मुद्दामा त्यति नै एकमत निर्माण हुँदै गएको छ। लोकमानकै पक्षमा बोलिरहेका कांग्रेस सांसदहरूलाई पनि थाहा छ, अब लोकमानलाई बचाउन सकिन्न। यसको मूल कारण हुन्, पार्टी सभापति शेरबहादुर देउवा।

स्वयम् एमाले र एमाओवादीका नेता नै भन्छन्, 'देउवाले नचाहेका भए यो महाभियोग प्रस्ताव अघि बढ्नै गाह्रो हुन्थ्यो। 'महाभियोग प्रस्ताव दर्ता गर्नु केही घण्टाअघि मात्रै भएको प्रधानमन्त्री, एमाले अध्यक्ष केपी ओली र देउवाबीचको बैठकमा देउवाले बिरोध गरेको भए महाभियोग प्रस्ताव कम्तीमा त्यही दिन अघि बढ्ने थिएन,' माओवादी केन्द्रका एक नेताले भने, 'उहाँले लोकमानका काम गलत छन्, तर मैले पार्टीमा सोधेर मात्रै निर्णय लिनसक्छु भनेपछि हामी अघि बढेका हौं।'

महाभियोग प्रस्ताव दर्ता भइसकेपछि पनि देउवाले कहिल्यै सो प्रस्तावको बिरोध गरेनन्। बरु प्रस्ताव दर्तालगत्तै बसेको कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकमा उनले भने, 'महाभियोग दर्ता भएकोमा जनताले दीपावली मनाउने अवस्था छ।' देउवाको यो भनाइमा महाभियोगप्रति उनको मौन सम्मति प्रशस्त झल्किन्छ।

देउवाको अहिलेको टाउको दुखाई अर्कै छ( लोकमान गएपछि अर्को अख्तियार प्रमुख को बन्छ? देउवामात्र हैन, कांग्रेसभित्र धेरैको चासो पनि यही विषय हो। अख्तियार प्रमुख नियुक्त गर्ने संवैधानिक परिषदको अहिलेको संरचनाले कांग्रेसलाई झनै सशंकित बनाएको छ। अहिले संवैधानिक परिषदमा पाँच जना सदस्य रहने व्यवस्था छ- प्रधानमन्त्री, विपक्षी दलको नेता, प्रधानन्यायाधीश, सभामुख र उपसभामुख। अर्थात् कांग्रेसको 'इन्ट्रेष्ट' प्रतिनिधित्व गर्ने एक जना पनि छैन। सूर्यनाथ उपाध्याय अखितयार प्रमुख भएको बेला छानीछानी कांग्रेस नेतालाई मात्र मुद्धा चलाएको कांग्रेसको आरोप छ।

'अख्तियारले मुद्दा चलाएका कांग्रेसका खुमबहादुर, गोविन्दराज चोखा थिए भन्ने हाम्रो दावी हैन,' एक कांग्रेस नेताले भने, 'तर, त्योबेला कांग्रेसका मात्रै भ्रष्ट्र थिए, एमाले सबै चोखा थिए भन्ने पनि होइन, तर एमालेका कसैलाई मुद्धा चलाइएन।' उनका अनुसार कांग्रेसको अहिलेको चासो आफ्नो पार्टीविरुद्ध त्यस्तै प्रतिशोध साध्ने अर्को प्रमुख आयुक्त नआओस् भन्ने मात्र हो। 'लोकमान जानुपर्छ भन्नेमा अब कांग्रेसभित्र खासै असहमति छैन,' उनले भने।

एमाले र माओवादी केन्द्रले पनि अर्को अख्तियार प्रमुख कसलाई बनाउने भन्नेमा कांग्रेसको चासो सम्बोधन गर्ने बचन दिसकेका छन्। 'हामीले अर्को प्रमुख आयुक्त तपाईंहरू नै छान्नुहोस्, तर हामी सबैलाई मान्य हुने राम्रो मान्छे सिफारिस गर्नुहोस् भनिसकेका छौं,' एक एमाले नेताले सेतोपाटीसँग भने। अदालतमा अहिले विचाराधिन मुद्दा र आयुक्तहरुको योग्यता सम्बन्धि संबैधानिक व्यवस्थाका कारण कांग्रेसलाई नयाँ उम्मेदवार छान्न झनै कठिन भएको छ।

संविधानको धारा ११९ अनुसार अख्तियारमा आयुक्त हुन लेखा, राजश्व, कानुन, विकास वा इन्जिनियरिङ क्षेत्रमा कम्तीमा २० वर्षको अनुभव र ख्याति कमाएको व्यक्ति हुनुपर्ने प्रष्ट व्यवस्था छ। अख्तियारमा पहिले नियुक्ति गर्दा यो व्यवस्थालाई बेवास्ता गरिएको थियो। सार्वजनिक प्रसाशनदेखि प्राध्यापनका क्षेत्रमा २० वर्षको सेवा गरेका व्यक्तिलाई आयुक्तमा नियुक्ति गरिएको थियो। लोकमान नियुक्तिको वैधानिकतामा प्रश्न उठाउँदै सर्वोच्चमा परेको मुद्दामा पुनरावलोकनको आदेश दिँदा प्रधानन्यायाधीश सुशीला कार्कीले यो विषयमा पनि प्रष्टसँग बोलेकी छन्। त्यसमाथि पनि लोकमानसँगै अरु चार जना आयुक्तको पनि योग्यता नपुगेकोले उनीहरूको नियुक्ति बदर गरिपाउँ भन्दै सर्वोच्चमा अर्को निवेदन परिसकेको छ।

त्यसैले, यसपालि कांग्रेसले अख्तियारको प्रमुख आयुक्त छान्दा योग्यतामा विशेष ध्यान दिनुपर्ने छ। समस्या यति मात्रै छैन, अर्को पनि संवैधानिक अड्चन बाँकी नै छ। अहिलेको संविधान अनुसार अख्तियारमा प्रमुख आयुक्तसमेत गरेर पाँच जना आयुक्त मात्र रहने व्यवस्था छ। नयाँ व्यक्तिलाई प्रमुख आयुक्तमा नियुक्त गर्न अहिले कायम कुनै एक आयुक्तलाई राजीनामा गर्न लागाउनु पर्ने छ। 'यी सबै जटिलता एकातिर छन् भने, अर्कोतिर संविधान संशोधनको चटारो पनि छ,' कांग्रेसका एक नेताले भने, 'संशोधनको झमेला सकिनेवित्तिकै हामी प्रमुख आयुक्तका बारेमा निर्णय गर्छौं।'

लोकमान निलम्बित भइसकेको र उनले कुनै हानी पुर्‍याउन नसक्ने हुनाले पनि महाभियोग प्रक्रियाको गति शिथिल भएको उनको तर्क छ। आम मानिसमा लोकमान फर्किएर फेरि अख्तियार जान्छन् भन्ने आशंका रहे पनि प्रमुख राजनीतिक पार्टीका मुख्य नेताहरूमा त्यस्तो कुनै अन्योल छैन। महाभियोग प्रस्ताव फेल नै भयो भने पनि लोकमानलाई अख्तियार छिर्न नदिन एमालेको 'प्लान बी' तयार छ। लोकमान बौरिएर फेरि अख्तियार छिरे भने त्यसको सबैभन्दा चर्को मूल्य एमाले र एमाओवादीका नेता कार्यकर्ताले चुकाउनुपर्छ। त्यही भएर उनीहरू कुनै पनि मूल्यमा लोकमानलाई रोक्ने पक्षमा छन्।

कुनै कारणवश महाभियोग प्रस्ताव असफल भयो भने त्यही दिन एमालेले फेरि अर्को महाभियोग प्रस्ताव दर्ता गराउने छ। एमालेको 'प्लान बी' यही हो। महाभियोग प्रस्तावमा फेरि मतदार नहुन्झेल लोकमान निलम्बित हुनेछन्। एमालेले महाभियोग प्रस्ताव त्यो बेलासम्म दर्ता गराइरहने छ, जबसम्म त्यो पास हुनेछैन। यसको अर्थ प्रष्ट छ, लोकमान फेरि अख्तियार कुनै हालतमा फर्किन पाउने छैनन्।

स्रोत : सेतोपाटी

# पुनर्निर्माण कार्यविधिलाई व्यावहारिक बनाउन माग

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं ८ मंसिर ।**

भूकम्पबाट प्रभावित जिल्लाका स्थानीय विकास अधिकारी (एलडीओ) हरूले पुनर्निर्माणसम्बन्धी कार्यविधिलाई व्यावहारिक बनाउन माग गरेका छन् । उनीहरूले कार्यविधिमा रहेका विभिन्न खाले जटिलता र अनुत्तरित प्रश्नहरूले कार्यक्षेत्रमा काम गर्न कठिनाइ भएको गुनासो पोखेका छन् । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले भूकम्पबाट अति प्रभावित १४ जिल्लाका एलडीओ र ती जिल्लाका नगरपालिकाका कार्यकारी अधिकृतसँग बुधबार गरेको छलफलमा उनीहरूले स्थानीयस्तरमा उठेका समस्याहरू उजागर गरेका हुन् ।

पुनर्निर्माण प्राधिकरण, आवास तथा सहरी विकास तथा आफ्नै मन्त्रालयसँग उनीहरूको गुनासो थियो । जिल्लाबाट आउने सर्वसाधारणका गुनासा र समस्याबारे समयमै निर्णय नहुँदा काममा बाधा पुग्ने गरेको पनि उनीहरूले बताए । चौतारा नगरपालिकाका कार्यकारी अधिकृत भुवनेश्वर लामिछानेले गुनासो लिने र त्यसको सम्बोधनको एउटा समयसीमा बनाउनुपर्ने सुझाए । 'दिनदिनै गुनासाहरू आइरहेका छन् । कति दिनसम्म लिइरहने ?' उनले भने, 'गुनासा किनारा नलाग्दा काम गर्नै समस्या भइरहेको छ ।'

नगरकोट नगरपालिकाका कार्यकारी अधिकृत राजेन्द्र कार्कीले त पीडित पक्षबाट आउने समस्याको सम्बोधन हुन नसक्दा भौतिक कारबाहीसम्मको चेतावनी आफूले सुन्नु परिरहेको पीडा पोखे ।

'एउटै घरका चार जनासम्मको नाम लाभग्रहीको सूचीमा छ । अर्कोतिर घर भत्केर पनि नाम नचढेका उदाहरण छन्,'-उनले भने 'समस्यै समस्याका बीचमा सरकारले तोकेको मंसिर १५ भित्र पहिलो किस्ताको अनुदान सम्झौता कार्यान्वयन चुनौतीपूर्ण छ ।'

ललितपुरका स्थानीय विकास अधिकारी हरिप्रसाद दाहालले पनि भूकम्पपीडित धेरैको नाम लाभग्राही सूचीमा छुटेकाले समस्या आएको बताए । 'फलानाले किन पायो । मैले किन पाइन भनेर पीडितहरूको प्रश्न छ,' उनले सुनाए, 'एउटै व्यवहार नभए काम गर्न नदिने चेतावनी दिनदिनै सुन्नुपर्छ ।'

एलडीओ र कार्यकारी अधिकृतहरूले आफ्नो नियमित कामसँगै पुनर्निर्माणको काममा विशेष ध्यान दिनुपर्दा जनशक्ति अपुग भइरहेको बताएका थिए । उनीहरूले थप सुविधाको समेत माग गरे । मकवानपुरका एलडीओ नारायणप्रसाद मैनालीले जोखिम पहिचान गरिएका बस्तीका मानिसहरू अन्यत्र सर्न नमानेको समस्या सुनाए । उनले प्राधिकरणले दिनदिनै मौखिक निर्देशन दिने गरेको उल्लेख गर्दै लिखित निर्देशन नै पठाउन सुझाए । काठमाडौंका एलडीओ गोपालकुमार अधिकारीले पनि काम गर्दै जाँदा अगाडि आइपर्ने समस्याका सम्बन्धमा प्राधिकरण बाट स्पष्ट निर्देशन नआउँदा कठिनाइ हुने गरेको सुनाए ।

छलफलमा अधिकांशले दक्ष ज्यामीरनिर्माण सामग्री अभाव, कार्यक्षेत्रमा गाविस सचिव र इन्जिनियर नबस्नु, बैंकिङ कारोबारमा समस्या, अनुगमनको कार्यविधि अभावजस्ता साझा समस्याका बारेमा उठाएका थिए ।

त्यस्तै, लालपुर्जा नभएका लाभग्राहीलाई सम्बोधन, छुट्टिएर बसे पनि सगोलको जग्गा भएकासँग कसरी सम्झौता गर्ने, एक ठाउँको लाभग्राहीले अनुदान रकमबाट अन्तै घर बनाउँछु भन्दा के गर्नेजस्ता अनेकन व्यावहारिक समस्याहरू छलफलमा उठेका थिए । स्थानीय सामुदायिक कला शैली र संस्कृतिलाई सम्बोधन नगरिँदा प्राधिकरणले तय गरेको १७ वटै घरका डिजाइनहरू कतिपय स्थानका मानिसले अस्वीकार गरिरहेको समेत उनीहरूले बताए ।

ललितपुर बज्रबाराही नगरपालिकाका कार्यकारी अधिकृत टेकराज पन्थीले स्थानीय नेवार समुदायले आफ्नो संस्कृतिअनुसार घरको डिजाइन नभएको भन्दै विरोध गरिरहेको सुनाए । सिन्धुली कमलामाई नगरपालिका कार्यकारी अधिकृत जगतप्रसाद भुसालले राजमार्गका लागि जग्गा छोडदा पीडितहरू सुकुम्बासी हुने अवस्थासमेत आएको उल्लेख गरे । नयाँ नगरपालिकाहरूमा नक्सा बनाउने इन्जिनियर नहुँदा र त्यसमा लाग्ने खर्चका कारण लाभग्राहीहरू नक्सापास गराउन झन्झटिलो मानिरहेका जस्ता व्यावहारिक समस्याहरू पनि अधिकांशले उठाएका थिए ।

स्थानीय विकास मन्त्रालयका सचिव केदारबहादुर अधिकारीले प्राधिकरणले समय सीमा निर्धारण गरेर समस्याको सम्बोधन गरिदिए जिल्लामा काम गर्न सजिलो हुने सुझाए । उनले सहज प्रक्रियाबाट भूकम्पपीडितलाई सेवा र सहयोग पुर्‍याउन आग्रह गरे ।

कार्यक्रममा प्राधिकरणका कार्यकारी निर्देशक सुशील ज्ञवालीले आगामी ७९८ महिनाभित्र कामको प्रगति देखाउन नसके पुनर्निर्माण अभियानमाथि प्रश्न उठ्ने बताउँदै एलडीओ र कार्यकारीका समस्या समाधानको प्रयास भइरहेको बताएका थिए ।

१४ जिल्लाबाट आएका १ लाख ९२ हजार गुनासाको सम्बोधन विभिन्न तहबाट भइरहेको भन्दै उनले पछि थपिएका १ लाख १ हजार गुनासाको पनि कम्प्युटर इन्ट्री र विश्लेषणको काम भइरहेको जानकारी दिए । उनले पुनर्निर्माण कार्यमा खटिने कर्मचारीका लागि ७५ प्रतिशतसम्मको भत्ता व्यवस्थाका लागि अर्थ मन्त्रालयसँग छलफल गरिरहेको बताए । स्थानीय विकासमन्त्री हितराज पाण्डेले भूकम्पले क्षतिग्रस्त निजी क्षेत्रका सबै घर दुई वर्षभित्र बनाइसक्ने लक्ष्य रहेकाले पुनर्निर्माणको अभियान सफल पार्न सबैले आफ्नो क्षमता प्रयोग गर्नुपर्ने बताए ।

# जर्मनीले चार अर्ब अनुदान सहयोग गर्ने

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं ८ मंसिर ।**

जर्मनीले नेपाललाई दुई वर्षका लागि करिब ४ अर्ब १८ करोड रुपैयाँ (३६ मिलियन युरो) अनुदान सहयोग गर्ने घोषणा गरेको छ । भूकम्प पुनर्निर्माणमा यसअघि नै १६ मिलियन (एक अर्ब ८६ करोड) सहयोग घोषणा गरेका कारण आगामी दुई वर्षको नियमित बजेटमा ६ मिलियन अर्थात् ६९ करोड रुपैयाँ सहयोग घटेको हो । अर्थ मन्त्रालयका पदाधिकारी र जर्मन अधिकारीबीच मंगलबार र बुधबार भएको बैठकमा उक्त सहयोग घोषणा भएको हो ।

अर्थ मन्त्रालयमा भएको बैठकमा यसअघि चालु रहेको सहायता पूर्ण भएकाले आगामी दुई वर्षका लागि नयाँ सहयोग गर्ने समझदारी भएको हो । हरेक दुई वर्षमा हुने नेपाल-जर्मन आर्थिक परामर्शसम्बन्धी बैठकमा जर्मनीले दिने सहयोगलाई प्राथमिकता अनुरूप तय गर्ने गरेको छ ।

भूकम्पपछिको पुनर्निर्माणमा सहयोग गरेकै कारण नियमित बजेटमा अघिल्लो वर्षभन्दा ६ मिलियन युरो घटे पनि समग्रमा १० मिलियन युरो बढेको दूतावासले जनाएको छ । जर्मनीले नेपाल सधैं आफ्नो प्राथमिक मित्र मुलुकका रूपमा राखेर सहयोग गरिरहेको दूतावासले उल्लेख गरेको छ । जर्मनीले नेपाललाई सन् १९६१ देखि सहयोग गर्दै आएको छ । नेपालमा जर्मनले आफ्नो सहयोग नियोग जीआईजेडका अलावा थिंक ट्यांकमार्फत पनि सहयोग गर्दै आइरहेको छ ।

जर्मनीले दिगो आर्थिक विकास, स्वास्थ्य क्षेत्र, पुनर्निर्माण र प्राविधिक सहयोगमा जोड दिएको छ । माओवादी द्वन्द्वको समयमा समेत जर्मनीको सहयोग जारी थियो । जर्मनीले नवीकरणीय ऊर्जा र ऊर्जा क्षमताको विकासमा पनि सहयोग गर्ने भएको छ ।

सहयोगको प्रभावकारी उपयोगिताका लागि स्थानीय निर्वाचन अपरिहार्य रहेकोसमेत जर्मन राजदूत माथियास मायेरले बताएका छन् । स्थानीय निर्वाचन १८ वर्षदेखि हुन नसकेको उल्लेख गर्दै उनले निर्वाचनमा जोड दिन सम्बन्धित पक्षलाई आग्रह गरे । राजदूत मायेरले भने-'पुनर्निर्माण कार्यलाई द्रुत गति दिन र राजनीतिक अन्तरविरोध तत्काल सल्टाउन आवश्यक छ ।'

भूकम्पपछिको पुनर्निर्माणका लागि जर्मनीले १६ मिलियन युरो केएफडब्लू बैंकमार्फत सहयोग गरिरहेको छ । नियमित सहयोगको ३६ मिलियनमध्ये २० मिलियन युरो जर्मन सहयोग नियोग जीआईजेड र जर्मन नेसनल मेट्रोलोजी प्रतिष्ठानमार्फत सहयोग गरिरहेको उल्लेख छ । बाँकी १६ मिलियन युरो भने लेखनाथ-दमौली १ सय ३२ केभीए प्रसारण लाइन निर्माणमा खर्चिने सहमति भएको छ । यो सहयोग ऊर्जा मन्त्रालयमार्फत हुनेछ । अहिलेसम्म जर्मनीले १.२ अर्ब युरो सहयोग गरिसकेको समेत उल्लेख छ ।

# टप्स र नेशनल क्रियशनमा खेलकुद प्रतियोगिता

**पोखरा ८ मंसिर ।**

पोखराको रामघाटस्थित टप्स उमाविमा वार्षिक खेलकुद प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगितामा कक्षा नर्सरीदेखि १० सम्मका विद्यार्थीहरुले अन्तर सदनात्मक रुपमा भाग लिएका थिए । विद्यार्थीहरुले फिल्ड र ट्र्याकका विभिन्न इभेन्टहरुमा भाग लिएका विद्यालयका सुपरभाइजर चित्रकुमार गुरुङले जानकारी दिए । प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक तहमा विद्यार्थीहरुलाई विभाजन गरी सञ्चालन गरिएको प्रतियोगितामा हाइजम्प, लङजम्प, सर्टपुट, विभिन्न दूरीका दौडहरु, रिले दौड, समावेश गरिएका थिए । नेपालकै खेलकुद क्षेत्रमा उल्लेखनीय योगदान दिँदै आएको टप्पले हरेक वर्ष स्पोर्टस् मिट सञ्चालन गर्दै आएको छ । विद्यालयमा विभिन्न खेलका प्रशिक्षकहरुको व्यवस्था गरी पढाइसँगै स्वास्थ्यका लागि खेलकुको महत्त्वलाई आत्मसात् गरी खेलकुदका कार्यक्रम नियमित सञ्चालन हुँदै आएको प्राचार्य रत्नमान गुरुङले जनाए ।

यसैगरी पोखरा-नागढुङ्गास्थित नेशनल क्रियशन एकेडेमीमा वार्षिक खेलकुद कार्यक्रम शुरु भएको छ । विद्यार्थीहरुमा रहेको खेल कौशलतालाई थप निखार्दै उनीहरुलाई खेलकुदतर्फ पनि आकर्षित गर्न विद्यालयले आयोजना गरेको खेलकुद कार्यक्रम अर्न्तगत पहिलो दिन एथलेटिक्सतर्फ छात्रा ८ मिटर दौडमा कक्षा ८ कि विनिता लामिछाने तथा छात्रतर्फ कक्षा ८ कै नरेश लम्साल प्रथम भए ।

त्यसैगरि सय, २ सय र ८ सय मिटरका दौड पनि सम्मिलित गरिएको छ ।

# साउदीमा दूतावासभित्रै ४८ कामदारको बास

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं ८ मंसिर ।**

क्याम्पमा पिउने पानी समेत अभाव भएपछि ४८ जना नेपाली कामदार जीवन बचाउन साउदीस्थित नेपाली दूतावासको प्रांगणमा आएर मंगलबार देखि बसेका छन् । साउदीको हिजाज गेट इन्टरनेशनल कम्पनीमा कार्यरत नेपाली कामदारले गत अगस्ट महिनादेखि तलब र काम नपाएर बिचल्लीमा परेका थिए । उनीहरुलाई कम्पनीले रियादको जदिद सनैयामा राखेको थियो ।

'कम्पनीले ४ महिनादेखि तलब नदिनुको साथै खाना पनि उपलब्ध गराएन । हामी अरु साथीभाइसँग माग्दै गुजरा चलाउँदै आएका थियौं,' नवलपरासीका घनश्याम पौडेलले कान्तिपुरलाई भने,-'क्याम्पमा पानी छैन । बिजुली छैन । सरसफाई नभएर दुर्गन्ध फैलिएपछि जीवन जोगाउन दूतावासमा आएका हौं ।' रियादस्थित नेपाली दूतावासमा बस्ने सेल्टर छैन । दूतावासले उनीहरुलाई आफ्नो परिसरभित्रको प्रांगणमा राखेको छ । 'पीडित कामदारलाई दूतावासभित्रै राख्न हामीलाई निकै कठिन परिरहेको छ,' साउदीका लागि कार्यवाहक राजदूत आनन्दप्रसाद शर्माले भने,'खाना दिइरहेका छौं ।' उनीहरु एक वर्षअघि क्षितिज इम्प्लोइमेन्ट सर्भिसलाई एक लाख ३० हजार रुपैयाँसम्म बुझाएर साउदी पुगेका थिए । 'सम्झौता अनुसार सेवा सुविधा नपाए पनि काम गर्दै आएको गत अगस्ट ४ गते कम्पनी मालिकले काम रोक्न भने । त्यसपछि काममा फर्केर जान पाएको छैन,' पौडेलले भने, 'काम दिन नसकेपछि हामीलाई नेपाल पठाइदिएको भए हुन्थ्यो । यस्तो विजोग त हुनुपर्ने थिएन ।'

दूतावासले पीडितलाई तुरुन्तै उद्धार गर्नको लागि म्यानपावर, कम्पनी र साउदी सरकारसँग समन्वय गरिरहेको जनाएको छ । 'पीडितलाई स्वदेश पठाउनको लागि एक्जिट दिलाइदिन साउदीको श्रम मन्त्रालयलाई अनुरोध गरेका छौं,' शर्माले भने,-'कम्पनीसँग पनि कुरा भइरहेको छ ।'

पीडितहरुले आफूहरुलाई यथासक्य चाँडो उद्धार गर्नको लागि अपिल गरेका छन् । दुई हप्ताअघि पीडित कामदार आफ्ना बन्दोबस्तीको सामान सहित दूतावास पुगेका थिए । त्यतिखेर कम्पनीले ११ दिनभित्र नेपाल पठाइदिने बताएपछि क्याम्पमा फर्केका थिए । 'पिउने पानी नै नभएपछि पुनः दूतावास आउनु पर्‍यो,' महेन्द्रनगरका भुपेन्द्र चन्दले भने ।

दूतावासका अनुसार पीडितलाई उद्धार गर्न म्यानपावरले सहयोगी भुमिका निर्वाह नगरेको जनाएको छ । म्यानपावरका सञ्चालकले स्वदेश पठाउने भन्दा पनि त्यतै व्यवस्थापन गर्न कम्पनीलाई दबाब दिइरहेको बुझिएको दूतावासले जनाएको छ । पीडितलाई जनसम्पर्क समिति, साउदीले मंगलबार खाने व्यवस्था गरेको थियो ।

# राजस्व संकलन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ८ मंसिर ।**

कास्की जिल्ला मालपोत कार्यालयले चालु आवको तीन महिनामा रु ३८ करोड ६५ लाख ५५ हजार राजस्व सङ्कलन गरेको छ । कार्यालयले राजस्वतर्फ रु ३२ करोड ५७ लाख ७१ हजार र पुँजीगत लाभकरतर्फ रु ६ करोड पाँच लाख ८४ हजार सङ्कलन गरेको कार्यालयका सूचना अधिकारी राजेन्द्र पौडेलले जानकारी दिए। कार्यालयले साउनमा रु १३ करोड २४ लाख ६२ हजार, भदौमा रु १२ करोड ७० लाख सात हजार र असोजमा रु आठ करोड २९ लाख ४४ हजार सङ्कलन गरेको थियो । कार्यालयले सेवाग्राहीको सुविधाको लागि एकद्वार प्रणाली, कम्प्युटरबाट श्रेस्ता र पुर्जा वितरण तथा बैंकिङ प्रणालीबाट आर्थिक कारोबार गर्दै आएको छ ।

# कुश्मा–बलेवा यान्त्रिक पुल संचालनमा

**गोल्डेन न्यूज संवाददाता**
**पर्वत ८ मंसिर ।**

मर्मतका लागि बन्द गरिएको मुलुककै पहिलो केबुलकार मोडेलको कुश्मा-बलेवा यान्त्रिक पुल झन्डै दुई साता पछि पुनः सञ्चालन भएको छ । प्राविधिक समस्या देखिएका कारण गत कात्तिक २७ गतेदेखि बन्द भएको यान्त्रिक पुल मर्मतपछि बुधबार बिहानबाट सञ्चालनमा आएको हो ।

पुलको लामा समस्या देखिएपछि बन्द गरिएको सेवा मर्मत पछि सुचारु गरिएको कुश्मा बलेवा यान्त्रिक पुल लिमिटेडका अध्यक्ष होमनारायण श्रेष्ठले जानकारी दिए । "भारतबाट प्राविधिक झिकाएर मर्मत गरेपछि सेवा सुचारु भएको हो ।" उनले भने-"मङ्गलबार साँझ परीक्षण गरिएकाले बुधबार बिहानदेखि नियमित रुपमा सेवा सञ्चालन भएको हो । पुल लामो समयसम्म सञ्चालन भइरहँदा लामा समस्या देखिएका कारण यात्रुलाई सम्भावित खतरा हुन नदिन सेवा बन्द गरिएको थियो । यान्त्रिक पुल बन्द हुँदा आन्तरिक तथा बाह्य पर्यटक समस्यामा परेका थिए ।

उक्त पुलबाट अहिले दैनिक सयौंको सङ्ख्यामा यात्रु आवतजावत गर्दै आइरहेका छन् । विगत पाँच वर्ष अघि मुलुकमै पहिलोपटक केबलकार मोडेलमा निर्माण गरिएको कुश्मा-बलेवा यान्त्रिक पुल सञ्चालनमा आएपछि दुई घन्टाको पैदलयात्रा चार मिनेटमै छोटिएको छ । उक्त पुलमा बागलुङ र पर्वतका गरी ४३६ जनाको सेयर रहेको छ । दुईवटा यान्त्रिक कार जडान भएको उक्त पुलमा एउटा कारमा आठ जना अट्न सक्ने क्षमता छ । दुवैतर्फ गरेर एकपटकमा १६ जना आवतजावत गर्न सकिन्छ । करिब रु पाँच करोडको लागतमा निर्मित उक्त पुलबाट यात्रा गर्नका लागि एकतर्फी भाडा रु १०० तोकिएको छ भने बागलुङ जिल्लाको बलेवा क्षेत्रका बासिन्दाका लागि रु ७५ तोकिएको छ । आर्थिक वर्षमा रु एक करोड मुनाफा आर्जन भएको सो यान्त्रिक पुल लिमिटेडले सेयर सदस्यलाई २० प्रतिशत लाभांस समेत वितरण गरेको लिमिटेडका सचिव केदारनाथ शर्माले जानकारी दिए ।

# विशालमा अधिकारी

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ८ मंसिर ।**

पोखरा-१४ विपि मार्गमा बसोबास गर्ने महिलाहरुको सम्पन्न भेलाले विपि मार्ग विशाल नगर आमा समूह गठन गरेको छ । भेलाले दुर्गा अधिकारीको अध्यक्षतामा १३ सदस्यीय समिति र ६ सदस्यीय सल्लाहकार समिति गठन गरेको हो । समूहको उपाध्यक्षमा इन्द्र कुमारी सारुमगर, सचिवमा सुरजु ढकाल, सहसचिवमा दिपिका भण्डारी र कोषाध्यक्षमा रिता शर्मा पौडेल चयन भएका छन्। त्यस्तै सदस्यहरुमा पार्वती ढुङ्गाना, देवी थापा, हिमकला ढकाल, कमला श्रेष्ठ, प्रतिमा गिरि, मिना परियार, सिता ढकाल र माया थापा रहेका छन् । सल्लाहकारहरुमा डा. माया लामा, दीपेन्द्र श्रेष्ठ, गिता गुरुङ्ग, पवित्रा रेग्मी, चन्द्रविक्रम अधिकारी र उपेन्द्र न्यौपाने रहेका छन् । समितिले त्यस क्षेत्रमा महिला शशक्तिकरण र विकाश निर्माणका क्षेत्रमा भूमिका खेल्ने बताईएको छ ।

# पुनर्संरचना सिफारिसको विरोध

**पोखरा ८ मंसिर ।**

स्थानीय तह पुनर्संरचनामा चित्त नबुझेपछि विभिन्न ठाउँमा प्रदर्शन हुन थालेको छ । कतै गाविसका वडा टुक्र्याएको त कतै केन्द्र पायक नपरेको भन्दै विरोध हुने गरेको हो । सरकारले सीमांकन संशोधन प्रस्तावमा नवलपरासीदेखि बर्दियासम्म थरुहट प्रदेश बनाउने र नवलपुर क्षेत्रलाई ५ नम्बर प्रदेशमा गाभ्न गरेको गृहकार्यको नवलपुरवासीले विरोध गरेका छन् ।

नवलपरासीको डेढगाउँ, जौबारी, नरम, रुचाङ, भारतिपुर, मिथकरम, कोटथर, रकवालाई प्रदेश नं. ५ मा राख्दै संविधान संशोधन गर्न खोजिएकोले विरोध स्वरुप आन्दोलमा उत्रिनु परेको सर्वदलिय संर्घष समितिका संयोजक इश्वर श्रेष्ठले बताए । नवलपरासी जिल्लाको नवलपुर र पहाडी क्षेत्रको भुगोल प्रदेश नं. ४ मा नै रहनु पर्ने भन्दै हामीहरु आन्दोलनमा उत्रिएका छौं' उनले भने ।

संर्घष समितिले विरोध स्वरुप मंगलबार दुईघण्टा तनहुँ जिल्लाको खैरनीटार मिल डाँडामा पृथ्विराजमार्ग अवरुद्ध पारेको थियो । नवलपरासीको त्रिवेणी, दाउन्नेदेखि पूर्व गैंडाकोटसम्म प्रदेश नं. ४ मा नै हुनुपर्ने माग राखेका उनीहरुले माग सम्बोधन नगरिए कडा आन्दोलनमा उत्रीने चेतावनी दिएका छन् ।


## खुशीको खबर !



के तपाईलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

## विदेश जानेहरुका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :- तयारी कक्षा धमाधम चलिरहेको छ ।

❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल दिपमाला संगै
फोन:०६१-५५०२५२, मो. ९८४६०४१४९२

## "रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

### योर्स ट्रेड कन्सर्न

*एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान , वाटर प्रुफिङ गरिन्छ ।*

फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

## सेक्युरिटी गार्डमा वैदेशिक रोजगारमा जानको लागि तालिमको सुवर्ण अवसर

Abudhadi को Spark middle Cast Star Skill Force, UAE को DPS, कतारको Group-4, बहराईन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको Diplomatic सेक्युरिटी गार्ड तालिम, अग्रेजी भाषा र अन्तरवार्ताको तयारी कक्षाहरु सञ्चालन भइरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गरि आफ्नो सुनौलो भविष्यको सुनिश्चित गर्नुहोला।

हाम्रो विशेषताहरू :
❖१००% उत्तीर्ण गराउन सफल।
❖छोटो समयमा नै ख्याती प्राप्त गुणस्तरीय तालिम।
❖DPS र PSBD का Objective Questions Answer को प्राक्टिकल र मोडल Questions Answer को अध्ययन गराइने।

सम्पर्क
आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
पृथ्वीचोकबाट १०० मि. तल एयरपोर्ट जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा इलेक्ट्रोनिक्स भवन -तल्लो तलामा)
फोन नं. ०६१-५३०७२४, मो.९८४६३५५३४२,९८०६७०८२४६

## अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

हामीकहाँ पियार एलोभेरा जुस पाइन्छ ।

महिला सम्बन्धि समस्या
महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वोदिक पद्दतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।

थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

## पोखरामा पहिलो पटक

➲ यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
☞ स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
☞ केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
☞ Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
☞ उचाई बढाउन Step Up, Triple Height
☞ तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
☞ थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
☞ ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनलिल।

❖ अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

## आवश्यकता

पुरुष कर्मचारी
संख्या : केही
सम्पर्क
कोशेली प्रकाशन
फोन :०६१-५२०६४४
(बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म)

# साहसिक पर्यटनको आकर्षण बन्दै अल्ट्रालाइट

**वासुदेव पौडेल**
**पोखरा ८ मंसिर ।**

विश्वमै पर्यटकीय रुपमा ख्याती कमाएको पोखरामा सञ्चालित अल्ट्रालाइट सेवा साहसिक पर्यटनका लागि आकर्षण बन्दै गएको छ । अल्ट्रालाइट जहाजमा उडेर पोखरा आसपासका हिमाली तथा पहाडी मनमोहक दृश्यको अवलोकन गर्नका लागि स्वदेशी एवम् विदेशी पर्यटक निकै आकर्षित बन्ने गरेका छन् । अल्ट्रलाइट सेवा पोखरामा सन् १९९६ बाट सुरु भएको एभिया क्लब नेपालका व्यवस्थापक रिजन रिजाल बताउनुहुन्छ । युरोपबाट भित्रिएको सो प्रविधि साहसिक पर्यटनको महत्वपूर्ण पाटो बनेको छ ।




पछिल्ला वर्षमा विदेशी पर्यटक मात्र नभएर स्वदेशी पर्यटक समेत यसतर्फ आकर्षित बनेका छन् । पोखरा विमानस्थलबाट हुने अल्ट्रलाइट उडान सेवा १५ मिनेटदेखि डेढ घन्टासम्मका चार किसिमका छन् । रिजालका अनुसार १५ मिनेटको उडानका लागि रु सात हजार ५००, ३० मिनेटको लागि रु १३ हजार ५००, ६० मिनेटको लागि रु २३ हजार ५०० र ९० मिनेटको लागि रु ३१ हजार शुल्क निर्धारण गरिएको छ ।

पोखरामा तीनवटा कम्पनीले अल्ट्रालाइट सेवा सञ्चालन गरिरहेका छन् । एभिया क्लब र फिष्टेल अल्ट्रालाइटले तीन/तीनवटा र पोखरा अल्ट्रालाइटले पाँचवटा जहाजबाट सेवा प्रदान गरिरहेका छन् । पोखरा आउने ३० प्रतिशतभन्दा बढी पर्यटकले साहसिक खेलकुदमा रुचि राख्ने गरेका छन् । अल्ट्रालाइटका लागि मुख्य याम अगष्टदेखि नोभेम्बर तथा फेब्रुअरीदेखि अप्रिलसम्म भए पनि पछिल्ला समयमा सबैजसो समयमा अल्ट्रालाइट चल्ने गरेका छन् । पोखरा अल्ट्रालाइटका सञ्चालक पोमनारायण श्रेष्ठका अनुसार बिहान ६ बजेदेखि ११ बजेसम्म तथा दिउँसो २.३० बजेदेखि ५ बजेसम्म अल्ट्रालाइट उडान सञ्चालन हुन्छ ।

"अल्ट्रालाइटबाट उडान गर्नेमध्ये धेरैजसो चिनियाँ पर्यटक रहेका छन्," श्रेष्ठले भने । पोखरा अल्ट्रालाइटले विगत चार वर्षयता पोखरामा अल्ट्रालाइट उडान सञ्चालन गरिरहेको छ ।

सन् २०१२/१३ मा अत्याधिक चिनियाँ पर्यटकले अल्ट्रालाइट चढे पनि गत वर्षको भूकम्प र नाकाबन्दीपछि सो सङ्ख्या ह्वात्तै घटेको छ । अल्ट्रालाइट चढ्नका लागि भारत, अमेरिका, बेलायत, जापानलगायत मुलुकबाट पर्यटक पोखरा आउने गरेका छन् । अल्ट्रालाइटमा पाइलट बाहेक एक जनाले मात्र यात्रा गर्न मिल्छ । अल्ट्रालाइटबाट पोखरा आसपास तथा माछापुच्छ्रे हिमाल वरपरको दृश्यावलोकन गर्नु पर्यटकको मुख्य रोजाई हो ।

पोखरा विमानस्थलबाट अल्ट्रालाइट चढेर पर्यटक पोखराको बीच भागबाट बगरिहेको सेती नदी, बेगनास ताल, माछापुच्छ्रे हिमालका काखमा रहेको हिमताल, सेती भ्याली, माछापुच्छ्रे वेस क्याम्प, अन्नपूर्ण वेस क्याम्प, पुन हिल, फेवाताल, विश्व शान्ति स्तुप लगायतको अवलोकन गर्न सकिन्छ । कम्युनिटी नेपाल, लेकसाइडका सञ्चालक समेत रहेका पोखरा पर्यटन परिषद्का अध्यक्ष सोम थापा पोखरामा विगत दुई दशकभन्दा बढी समयदेखि सञ्चालित अल्ट्रालाइट सेवाले यहाँ आउने साहसिक पर्यटनमा रुचि राख्ने जो कोही पर्यटक निकै लाभान्वित बनेका बताउँछन्। "हिमालमा जान रुचि रख्ने तर शारीरिक रुपमा असक्त पर्यटक अल्ट्रालाइटमार्फत नजिकैबाट हिमाल हेर्न र अनुभव गर्न पाउने भएका कारण यसतर्फ आकर्षित भएका हुन्," थापाले भने।

विस्तारै उडान हुने भएकाले सहजै दृश्यावलोकन गर्न, हिमालको घाँचबाट हिमाली दृश्य हेर्न र जमिनको नजिकबाट उड्नसक्ने भएकाले पनि पोखरा आउने अधिकांश पर्यटकलाई अल्ट्रालाइटले छुट्टै अनुभव दिने गरेको छ । रासस

# आहारारा गोल्डकप माघको पहिलो साता

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ८ मंसिर ।**

मोफसलको प्रतिष्ठित फुटबल प्रतियोगिताको रुपमा चिनिएको आहा ! रारा गोल्ड कपको १५ औं संस्करण आगामी माघ पहिलो साताबाट सुरु हुने भएको छ । माघ पहिलो हप्तादेखि प्रतियोगिता सञ्चालन गर्ने गरी अखिल नेपाल फुटबल संघबाट समय तालिका प्राप्त भएको आयोजक सहारा क्लब पोखराले जनाएको छ ।

क्लबका अध्यक्ष बिरभद्र आचार्यले छिट्टै प्रतियोगिताको मिति सार्वजनिक गर्ने बताए । प्रतियोगिताको आन्तरिक तयारी तिब्र पारिएको र चाडैनै मुल आयोजक समिति तथा विभिन्न उपसमिति गठन गरी तयारीलाई अझै तिब्रता दिइने उनले बताए । क्लबले सञ्चालन गरेको प्रतियोगिता मोफसलकै प्रतिष्ठित प्रतियोगिताको रुपमा स्थापित भएको भन्दै उनले आगामी संस्करणलाई अझै परिस्कृत गर्दै लगिने प्रतिबद्धता जनाए ।

हिमश्री फुडस प्रालिको उत्पादन आहा तथा रारा चाउचाउको मुख्य प्रायोजन, माईक्रो म्याक्स मोबाईलको उप प्रायोजन, पोखरा उपमहानगरपालिकाको संयोजन, राष्ट्रिय खेलकुद परिषदर.अखिल नेपाल फुटबल संघरपश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिरजिल्ला खेलकुद विकास समिति कास्कीरएन्फा,कास्कीरसहारा यु.के.रसहारा हङ्कङ्ग र सहारा अष्ट्रेलिया समेतको बिशेष सहयोग,अफिसियल ड्रिङ्ग वाटर ईको पानी, वेष्ट अफ फाईभ प्रायोजक पृथ्वी राजमार्ग बस संञ्चालक समिति पोखरा अफिसियल एयर लाईन्स बुद्ध एयर सहयोगी संस्थाहरु याट्स,एल जि.टि.भी.समेतको सहयोगमा प्रतियोगिता संञ्चालन हुनेछ ।

खेलकूदको विकासमा सहकार्य गरौं पोखरालाई खेलकुद पर्यटन शहरको रुपमा स्थापित गरौं भन्ने साविकको नारा अनुरुप प्राप्त समय तालिका अनुसार प्रतियोगिताको आयोजना गर्ने क्लबले जनाएको छ । क्लबले प्रतियोगिताबाट बचत हुन आउने रकम सहारा एकेडेमी सञ्चालनमा खर्च गर्दै आएको छ ।

एकेडेमीमा हाल तेश्रो ब्याच अन्तर्गत १६ जिल्लाका २८ जना बालकहरु आश्रित छन । विगत तिन बर्ष देखि उनीहरुको नि:शुल्क शिक्षादिक्षा, स्वास्थ्य लगायत फुटबल प्रशिक्षण क्लबद्वारा निर्मित सुविधासम्पन्न आवास गुह सहारा एकेडेमी दोबिल्ला पोखरा-१७ बाट संञ्चालन हुँदै आईरहेको छ ।

# नारायणगढ–मुग्लिन सडकमा सवारी जाम हुने अवधि थप

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ८ मंसिर ।**

नारायणगढ-मुग्लिन सडकखण्डमा चाडपर्व सकिएसँगै गाडी रोकेर भित्तो काट्ने र सडक फराकिलो बनाउने तयारी सुरु गरिएको छ । गत वर्ष केही महिना दिउँसो चार घण्टासम्म सवारी रोकेर भित्तो काट्ने काम गरिएको थियो । नारायणगढ मुग्लिन सडक आयोजनाका इन्जिनियर शिव खनालका अनुसार सो सडकखण्डको ३२ किलोमिटरमध्ये १९ दशमलव पाँच किलोमिटर क्षेत्रमा भित्तो काटेर सडक फराकिलो बनाउनुपर्नेछ । खनालले भने-अग्लो पहाड र साँघुरो सडक भएकाले गाडी नरोकी काम गर्न मिल्दैन ।' आयोजनाले निर्माण कम्पनीलाई गाडी रोक्दै गर्दा उपकरण र जनशक्ति बढाउनुपर्ने जनाउँदै आएको छ ।

के कति उपकरण र जनशक्ति निर्माण गर्न सक्छ, सोही आधारमा स्थानीय प्रशासनसँग सहकार्य गरी बाटो चौडा बनाउन सवारी रोक्न आग्रह गरिने खनालले बताए । सवारी नरोकी भित्तो काट्न भने असम्भव छ । सकेसम्म चाँडो भित्तो काट्नका लागि सवारी रोकिदिन निर्माण कम्पनीले दबाब दिँदै आएको छ । सो सडकखण्ड धुलाम्मे बनेपछि आयोजनाले फराकिलो बनिसकेका ठाउँमा कालोपत्रेको तयारी गर्न भनेको छ ।

इञ्जिनियर खनालका अनुसार पुसको दोस्रो साताबाट सडकखण्डमा कालोपत्रे थालिंदै छ । सो सडकको आँपटारी, रामनगर, दासढुङ्गा, घुमाउनेलगायतका ठाउँमा अत्याधिक धुलो उड्नाले सवारी साधन, यात्रु र स्थानीयले सास्ती व्यहोर्दै आएका छन् । सडकमा दैनिक तीनवटा ट्याङ्करले पानी छर्केको भएपनि त्यो अपुग भएको बताइएको छ । हालसम्म ४० प्रतिशत काम सम्पन्न हुनुपर्नेमा ३० दशमलव पाँच प्रतिशत मात्रै निर्माण सम्पन्न भएको छ । ठेक्का दिँदा २०७४ को वैशाखमा काम सम्पन्न गर्नुपर्ने सम्झौता भएपनि भूकम्प र नाकाबन्दीका कारण लक्ष्यअनुरुप काम हुन नसकेपछि चार महिना १५ दिन थप गरी २०७४ को भदौमा काम सम्पन्न गर्ने गरी ठेक्का सम्झौता बढाइएको छ ।

सडकको १६ किलोदेखि मुग्लिनसम्म नौ मिटर फराकिलो र १६ किलोदेखि आँपटारसम्म ११ मिटर फराकिलो सडक निर्माण गरिँदैछ । विश्व बैंकको दुई अर्ब ९० करोडको आर्थिक सहयोगमा सो सडक निर्माण थालिएको हो । एसियन हाइवेअन्तर्गतको एएच४टु खण्डअन्तर्गत नारायणगढ मुग्लिन सडकखण्ड पर्दछ । इञ्जिनियर खनालका अनुसार चीन हुँदै नेपालको कोदारी, काठमाडौँ, नागढुङ्गा नौबिसे, मुग्लिन नारायणगढ, हेटौंडा र वीरगन्जबाट भारतको मोजफ्रपुर हुँदै जाने यो सडक एसियन हाइवेको एक खण्ड हो ।

# वेलनन र स्मल हेवन युनिप्स स्पोर्टस् मिट फाईनलमा

**पोखरा ८ मंसिर ।**

वेल नन एकेडेमी र स्मल हेवन कास्कीमा जारी युनिप्स स्पोर्टस् मिट अर्न्तगत छात्र तर्फको फुटवल प्रतियोगिताको फाइनलमा प्रवेश गरेका छन । संस्थागत एवं निजी विद्यालय संगठन (यूनिप्स) को आयोजनामा कास्कीको लेखनाथ स्थित भण्डारढिकको खेल मैदानमा बुधबार भएको पहिलो सेमिफाईनल खेलमा वेल ननले एकता बोर्डिङ स्कुललाइ ३-० को गोल अन्तरले पराजित गर्दै फाईनलमा यात्रा बनाएको हो । त्यसैगरी अर्को खेलमा स्मल हेवनले कालिका वोर्डिङ स्कुललाई १-० को झिनो गोल अन्तरले पराजित गर्दै फाईनलमा प्रवेश गरेको छ ।

त्यसै गरी छात्र तर्फ बुधबार भएको भलिवल खेलमा होली एन्जलले सत्य साई बिद्या आश्रमलाई २-० को सेटमा र अर्को खेलमा माउन्ट हेवनले वेल नन एकेडेमीलाई पनि २-० को सोझो सेटमा पराजित गर्दै फाईनलमा यात्रा बनाएका हुन । तेश्रो स्थानको लागि बुधबार भएको खेलमा वेल ननले सत्य साईलाई २-० ले पराजित गर्‍यो । त्यसै गरी छात्रा तर्फ भएको भलिवल खेलमा माउन्ट हेवनले स्मल हेवनलाई २-० को सेटमा र अर्को खेलमा होलि एन्जलले कालिका स्कुललाई २-० कै सोझो सेटमा पराजित गर्दै फाईनलमा यात्रा बनाएका हुन । तेश्रो स्थानको लागि भएको खेलमा कालिकाले स्मल हेवनलाई २-० को सेटमा पन्छाएको हो । त्यसै गरी छात्रा तर्फ भएको कपर्दी प्रतियोगितामा उपाधिको लागि पिनाकल एकेडेमी र वेल नन एकेडेमी भिड्ने भएका छन ।

बुधबारको खेलमा पिनाकलले ज्ञानकुन्जलाई ३५-२२ को अंकले र अर्को सेमिफाईनल खेलमा वेल ननले एकता वोर्डिङ स्कुललाई ३४-२५ को अंकले पराजित गर्दै फाईनलमा यात्रा पक्का गरेको कपर्दी तथा एथ्लेटिक्स संयोजक शंकर शाहले बताए । उक्त युनिप्स स्पोर्टस् मिटको औपचारिक उद्घाटन आज बिहीबार मध्यान्ह: १२ बजेपछि पोखरा रंगशालामा हुने भएको प्रचार विभाग प्रमुख खगेन्द्र भण्डारीले बताए । अनौपचारिक रुपमा मंगलबारदेखि विभिन्न खेलहरु लेखनाथमा संचालन गरेको खेलकुद सँयोजक विनोद नेपालीले बताए। मंगलबार र बुधबार भण्डारढिकमा विभिन्न खेलहरु भएसंगै बिहीबारदेखि शनिबारसम्म पोखरामा प्रतियोगिता हुने भएको हो । युनिप्स स्पोर्टस् मिट' मा २५ बिद्यालयका ४ सय ९५ जना खेलाडीहरुले सहभागी जनाउने यूनिप्सका सचिव समेत रहेका प्रचार विभाग प्रमुख भण्डारीले जनाए । पश्चिमाञ्चल क्षेत्रिय शिक्षा निर्देशक विष्णुप्रसाद अधिकारीले स्पोर्टस् मिटको औपचारिक उद्घाटन गर्ने कार्यकम तय गरिएको आयोजकले जनाएको छ ।

# सरकारलाई पहिलो गाँसमै ढुंगा, सम्भावित बाटो के हो ?

**राजकुमार श्रेष्ठ**

प्रमुख प्रतिपक्षी एमालेले संविधान संशोधनमा समर्थन नगर्ने घोषणा गरेको परिसपल्ट मधेसी मोर्चाको एउटा घटकले विरोध गरेको छ । अब यसले संविधान संशोधनको कोर्ष कता जान्छ भन्ने प्रश्न सिर्जना गरेको छ । एमालेको विरोधका बीच संशोधन प्रस्ताव दर्ताको तयारीमा रहेका प्रधानमन्त्री प्रचण्डले कांग्रेससहित मधेसी मोर्चा र संघीय गठवन्धनका नेताहरुलाई बुधबार छलफलका लागि बालुवाटारमा बोलाएका थिए । छलफलमा प्रधानमन्त्रीले संशोधन विधेयकमा मधेसी मोर्चा र गठवन्धनको समर्थन खोजे । तर, उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम नेपालले ७ प्रदेश यथावत राखे गरिने संशोधन स्वीकार्य नहुने बताएको छ । मधेसी मोर्चामा आवद्ध अरु दलले पनि 'पहिला प्रस्ताव दर्ता गर्नुस्, त्यसपछि छलफल गरौंला' भनेका छन् ।




**पहिलो गाँसमै ढुंगा**

बालुवाटार बैठकमा संविधान संशोधनको कोर्षमा सत्तारुढ मोर्चाबाटै अवरोधको संकेत देखिएको छ, जसलाई 'पहिलो गाँसमै ढुंगा'का रुपमा हेर्न सकिन्छ ।

बुधबारको बैठकमा उपेन्द्र यादव र अशोक राई थिएनन् । यादवको अनुपस्थिति अर्थपूर्ण मानिएको छ । संघीय समाजवादी फोरमका तर्फबाट बैठकमा राजेन्द्र श्रेष्ठले प्रतिनिधित्व गरेका थिए । उनले १० प्रदेश नभएसम्म स्वीकार नगर्ने भनेका छन् । नेताहरुका अनुसार यादवले संशोधनमा साथ नदिन सक्छन् भन्ने आंकलन पनि यसअघिदेखि नै नभएको होइन । तर, विरोध र असहमतिका बीच यसलाई स्वीकार गरुन् भन्ने चाहना थियो । तर, सत्तापक्षको त्यो चाहना पूरा हुने संकेत देखिएन ।

**कांग्रेस र एमालेबाट अर्को असहमति**

सीमांकन हेरफेरलाई लिएर कांग्रेस र नेकपा माओवादी केन्द्रबाटै पनि संशोधनमा अवरोध आउन देखिएको छ । सरकारी संशोधन प्रस्तावमा प्रदेश नम्बर ५ का पहाडी जिल्लाहरुलाई ४ र ६ मा मिलाएर नवलपरासीदेखि बर्दियासम्मको एउटा प्रदेश बनाउने उल्लेख छ । तर, बालुवाटार बैठकमा कांग्रेस सभापति शेरबहादुर देउवादेखि कृष्ण सिटौलासम्म नवलपरासीलाई प्रदेश नम्बर ४ मै राख्ने पक्षमा देखिएका छन्, जसमा महामन्त्री शशांक कोइरालाको क्षेत्र पनि पर्छ । कोइराला भने बैठकमा मौन रहे । प्रदेश नम्बर ५ को सीमांकन फेरफेरमा अर्को अवरोध माओवादीभित्रै देखिएको छ । बुधबार बालुवाटार बैठकमा माओवादी नेता टोपबहादुर रायमाझी पनि थिए । उनले राष्ट्रिय सहमतिविना सीमांकन हेरफेर गर्दा अफठ्यारो हुन सक्ने संकेत गरेका छन् । मधेसी मोर्चाका नेताहरु चाँहि यसको ठीक विपरीत सिंगो नवलपरासी एउटै प्रदेशमा हुनुपर्छ भनिरहेका छन् ।

यसका बाबजुद संविधान संशोधन विधेयक केही दिनमै सम्भवतः शुक्रबार संसदमा नै दर्ता हुने सत्तारुढका शीर्षनेताहरु बताउँछन् । तर, संविधान संशोधनको विषयवस्तु अहिले बाहिर आएको भन्दा केही फरक पनि हुन सक्छ । एमाले र मधेसी मोर्चा दुबैले स्वीकार नगर्ने हो भने किन संशोधन प्रस्ताव दर्ता गर्ने ? गर्नु नै पर्ने भए माओवादीको एजेण्डा अनुसारकै प्रस्ताव दर्ता गर्छौं भन्ने प्रधानमन्त्री प्रचण्ड र माओवादी नेता नारायणकाजी श्रेष्ठको भनाइले यस्तो प्रश्न पैदा गरेको छ ।

**अबको सम्भावित बाटो**

माओवादी र मधेसी मोर्चाका नेताहरु सीमांकनबारे थप औपचारिक सम्वाद गर्न तयार छैनन् । तर, उनीहरुसँगको अनौपचारिक सम्वादहरु के निष्कर्ष निकाल्न सकिन्छ भने संशोधन दर्तापछि मुलुक आन्दोलनउन्मूख हुनेछ । प्रमुख विपक्षी नेकपा एमालेले प्रदेश नम्बर ५ टुक्राएको, अंगीकृतलाई प्रमुख पद दिएको भन्दै सदनदेखि सडकसम्म जाने लगभग पक्का भइसकेको छ ।

संशोधन दर्ता भएपछि सत्तारुढ कांग्रेसमा पनि फरक मतहरु थुप्रै आउने छन् । यति मात्र होइन, आफ्नो माग सम्बोधन नभएको भन्दै मधेसी मोर्चाले पनि यो संशोधन प्रस्तावलाई स्वीकार नगर्ने सम्भावना बलियो छ । र, उनीहरुले दबावमूलक आन्दोलन गर्न सक्छन् । किनकि उनीहरुलाई राम्रोसँग थाहा छ कि पास नहुने संशोधन प्रस्तावको पक्षमा उभिनु भनेको भोट घटाउनु हो ।

अरु मधेसवादी दलले एजेण्डा छाडे भन्दै आफ्नो प्रतिस्पर्धी उपेन्द्र यादवलाई मधेसमा भोटको राजनीति गर्ने मौका दिन मोर्चाका अरु नेताहरु चाहँदैनन् । अबको सम्भावित बाटोबारे विश्लेषण गर्दै मधेसी मोर्चाका एक नेता भन्छन्( संविधान संशोधनलाई हामीले सजिलै समर्थन गर्ने सम्भावना छैन, बरु आन्दोलन हुन सक्छ ।' आन्दोलनसँग प्रचण्ड सरकारलाई पर्ने असर यस्तै होला भनिहाल्न मुस्किल छ ।

तर, सरकार केही समय टिक्न सक्छ । सुरुवाती दबावमूलक आन्दोलनका क्रममा मधेसी मोर्चाले समर्थन फिर्ता लिनेछैन भने एकीकृत राप्रपा पनि त्यसमा थपिने सम्भावना छ । किनकि प्रचण्ड सरकारलाई हटाउँदा बन्ने सरकारमा एमालेको महत्वपूर्ण भूमिका हुन्छ, जुन मधेसी मोर्चाले रुचाएको बाटो पक्कै हुनेछैन । शेरबहादुर देउवा पनि केही महिनापछि आउँदै गरेको प्रधानमन्त्री पद दाउमा लगाउन चाहँदैनन् । तर, संशोधन प्रस्ताव दर्ता पछि पनि राजनीतिक दलहरुबीच नयाँ सहमतिको सम्भावना पनि रहनेछ, जसमा एमालेको पनि हिस्सेदारी हुन सक्छ ।

Study in Japan
Czech Republic
USA, Australia, Norway
❖100% Visa on previous session, Gap Acceptable & NAT/JLPT not required in **JAPAN** .
❖SLC passed can apply .
April Intake
❖Almost all intake **czech Republic** .
❖Free Education in **Norway** & **Finland** .
❖Help to make all kind of documentation for any Countries .
**Now Running** IELTS, JLPT Classess
**ROMAN EMPIRE**
Education Foundation
Siddhartha Chowk-4, Chipledhunga, Pokhara (Opp .Rupakot Complex)
Tel .:061-531538, 9846449344, 9803652132

**यौन तथा प्रजनन रोग सम्बन्धी डा. विनोद कुमार मिश्र मात्र १ दिनका लागि पोखरामा**
धवन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर धुमबाराही काठमाडौंमा कार्यरत तथा नेपाल १ टेलिभिजनबाट प्रशारित चर्चित कार्यक्रम रात परेपछिका कार्यक्रम प्रस्तोता डा.विनोद कुमार मिश्र यही मंसिर १२ गते आइतबार मात्र १ दिनका लागि पोखरा आउनुहुने भएकाले समयमै स्वास्थ्य परीक्षण गराई स्वास्थ्य लाभ लिनुहोस्।
**पुरुषमा देखिने** : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष।
**महिलाहरूमा देखिने** : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि।
**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू।
**महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानको सफल उपचार**
**मलद्वार सम्बन्धी रोग** : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दु:ख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार।
**बिरामी जाँच्ने समय : बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म**
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
**फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१**
नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा